जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक २७९ • २०८१ साल फाल्गुन २१ गते बुधवार (5 March, Wednesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जसपा नेपाल र सरकारबीच तालमेल

टुडे समाचारदाता

काठमाण्डु । जनता समाजवादी पार्टी(जसपा)नेपाल र सरकारबीच आन्तरिक तालमेल भएपछिदुवैपक्षआफ्नाअडानबाट पछि हटेका छन् ।



बाहिरबाट सरकारलाई दिइरहेको समर्थनलाई जसपा नेपालले फिर्ता लिने निर्णय केन्द्रिय समितिबाट गरेको छैन् । केन्द्रीय समितिको बैठक समापन भएको दिन सरकारले ६ वटा अध्यादेश मध्ये भूमिसम्बन्धी अध्यादेश संसदमा प्रस्तुत नगर्ने निर्णय गरेको छ ।

जसपा नेपालले भूमिसम्बन्धी अध्यादेश फिर्ता लिने अडानमा कायमै रहेकाले सरकार सो अध्यादेश संसदमा प्रस्तुत नगर्ने सहमति गरेपछि बाँकीको पाँचवटा अध्यादेशलाई जसपा नेपालले समर्थन गर्नेछ ।

जसपा नेपालका महासचिव रामकुमार शर्माले सरकार भूमिसम्बन्धी अध्यादेशबाट ब्याक हुनु देशहितमा रहेको हाम्रो अडान सफल भएको बताए । 'हाम्रो अडान भूमिसम्बन्धी अध्यादेश फिर्ता गराउनु थियो ।' उनले भने, 'त्यसमा हामी सफल भएका छौं । सरकार ब्याक भएको छ ।'

सत्ता गठबन्धनले जसपा नेपालको केन्द्रीय समितिको बैठकपछि ससदमा अध्यादेश पेश गर्ने तयारी गरेको थियो । सरकारपछि हटेपछि जसपा नेपालले बाहिरबाट दिएको समर्थन पनि जारी राख्ने भएको छ । 'सरकारलाई दिएको समर्थन फिर्ता लिने सम्बन्धमा हाम्रो कुनै निर्णय भएको छैन' महासचिव शर्माले भने, 'सरकार र अध्यादेशको विषयमा निर्णय लिन बुधवार ११ बजे संसदीय दलको बैठक बस्नेछ ।'

सरकारलाई दिएको समर्थनलाई निरन्तरता दिएसँगै विपक्षी दलहरुले जसपा नेपालबाट सहयोग पाउने सम्भावना समाप्त भएको छ ।

तराई-मधेश जागरण अभियानमा रहेका नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड'ले उपेन्द्र यादव सहित मधेशवादी नेताहरुको कडा आलोचना गरेका छन् ।

सरकारलाई दिएको समर्थन जारी राखेर नै जसपा नेपालले भूमिसम्बन्धी अध्यादेशमा सरकारलाई पछाडि धकेलेर माओवादीलगायतका विपक्षी दलहरुलाई क्रेडिट लिनबाट रोकेको बताइन्छ ।

उच्च स्रोतका अनुसार सत्ता साझेदार एमाले र कांग्रेसका शीर्ष नेताहरुसितको सहमतिमा अध्यादेश स्थगन र सरकारलाई समर्थन जारी रहने निर्णय दुवै पक्षबाट भएको छ ।

जनमत पार्टीका अध्यक्ष सीके राउतले मधेश प्रदेशमा मुख्यमन्त्री र संघीय सरकारमा मन्त्रालयमा सहमति नहुँदा भूमिसम्बन्धी अध्यादेशलाई जसपा नेपालले समर्थन नगरेको आरोप लगाएका छन् ।

राउतले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको प्रतिकृयामा सरकारको विषयलाई जसपा नेपालले प्राथमिकतामा राखेको संकेत गरेका छन् ।

### पूर्वाधार विकास धनुषामा बढी कमिसन माग

## दलालद्वारा २५ प्रतिशतसम्म माग, सम्झौतामा ढिलाइ


टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास कार्यालयमा अन्य जिल्लाको तुलनामा बढी कमिसन माग हुँदा उपभोक्ताहरु बिच्चिएका छन् ।

मन्त्रालय र सचिवालयका कर्मचारी समेत नरहेका दलालले योजनाको २५ प्रतिशत रकम अग्रिम माग गर्न थालेपछि उपभोक्ताहरु बिच्किएका छन् । राजनीतिक अस्थिरताको कारण सरकार ढुलमुल अवस्थामा रहेकाले २५ प्रतिशत अग्रीम कमिसन बुझाउँदा डुब्ने त्रास योजना खरिद गर्नेहरुमा देखिएको छ ।

जिल्ला पूर्वाधार विकास कार्यालय धनुषामा निमित्त प्रमुख रामकिशोर साह छन् । उनले जनाए अनुसार जिल्लामा कुल २ सय ७२ वटा योजना छ । महोत्तरी जिल्लामा ४ सय २१ योजना रहेको भन्दा निकै कम योजना धनुषामा रहेको उनले बताए ।

'हालसम्म २५/२६ वटा योजनाको सम्झौता भएको छ' निमित्त प्रमुख साहले भने, योजनाको पत्रहरु सबै गइसकेको छ । उपभोक्ता समिति गठन गर्ने पत्र सोझै सम्बन्धित वडा कार्यालयमा जानुपर्ने हो । 'वडा कार्यालयलाई सोझै कुनै योजनाको उपभोक्ता गठनका लागि पत्र पठाइएको छैन' उनले भने, सबै पत्रहरु सचिवालयको नाममा गएको छ । त्यहाँबाट नै योजनाको पत्र पठाइने काम भएको हुनुपर्छ ।



विगतमा पूर्वाधार विकास कार्यालयबाट योजनाको पत्र वितरण हुने गरेको थियो । गत वर्ष योजनाका लागि विवाद हुँदा सो कार्यालयमा चर्काचर्की र झडपसमेत भएको थियो ।

तर चालु आर्थिक वर्षमा पूर्वाधार कार्यालयका प्रमुख साहबाट हस्ताक्षर गराएर सबै पत्र सचिवालयमा लगिएको बताइन्छ ।

निमित्त प्रमुख रहेका साहले नियम कानुन बमोजिम काम गर्न खोजे पद खोसिने धम्की आउने गरेको हितैषी नेताहरुलाई बताउने गरेका छन् ।

निमित्त प्रमुखको ठेगान नहुने भएकाले उनी पनि कमिसनको काम उधारोमा नगर्ने पक्षमा रहेको ठेकदारहरु बताउँछन् ।

महोत्तरी जिल्लामा १ सय ५६ वटा योजनाको सम्झौता भइसकेको बताइएको छ । तर सो अवधिमा धनुषामा २५ वटाको हाराहारीमा मात्र सम्झौता भएको छ । काममा ढिलाईको प्रमुख कारण अग्रीम कमिसन रहेको बताइन्छ ।

खुल्लेआम योजना बिक्री हुन थालेको स्वीकार गर्दै एमालेका एकजना युवा नेताले भने, पार्टीका समर्पित कार्यकर्ताहरुलाई उपदेश र दलाल मार्फत योजनाको बेचबिखनले मन्त्रीप्रति नै वितृष्णा पैदा हुन थालेको छ ।

प्रकृयागत रुपमा विकास निर्माणको कार्य अगाडि बढ्दा विकास पनि हुने र कमिसन पनि आउने विधि बाहिर जाँदा चौतर्फी रुपमा सरकारको आलोचना भइरहेको उनले बताए ।

सबै योजना सम्बन्धित क्षेत्रका मन्त्री र सांसदलाई पठाइसकिएको दलालहरु बताउँछन् । तर योजनाहरु दलालले नै खुल्लेआम बिक्री गरिरहेको नेपाली कांग्रेसका सांसदहरुले आरोप लगाउने गरेका छन् ।

नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले सांसदहरुका लागि निर्वाचितको ५ करोड र समानुपातिकको डेढ करोड रकम मध्ये पनि धेरैले योजना पाउन नसकेको बताए । 'सांसदहरुले राख्न लगाएका योजनाहरु समेत अन्यलाई दिएको जानकारी आएको छ 'उनले भने, यस विषयमा नेपाली कांग्रेसले अर्को हप्ता दलमा छलफल गर्ने छ ।

योजना वितरणको विषयमा एमाले र नेपाली कांग्रेसका मन्त्रीहरुबीच चर्को विवाद छ । मधेश प्रदेशको राजधानी समेत रहेको धनुषा जिल्लामा योजना कम दिएकोप्रति पनि नेताहरुमा आक्रोश देखिएको छ । सत्तासीन दलहरुमै योजनाको लागि चरम विवाद भइरहेको बेला विपक्षी दलका सभासदहरु ओझेलमा परेका छन् ।

चालु आर्थिक वर्षमा कार्यालयले योजनाको सम्झौता, इस्टिमेट र कार्यको अन्तिम बिल भर्पाई बाहेकको भूमिकामा देखिएको छैन । अग्रीम कमिसन बुझाएर योजना लिनेहरुमा बिल भर्पाई र भुक्तानीमा समेत बढी रकम दिनुपर्ने त्रास देखिएको छ ।

कमिसनका लागि ठेकदारको घर सम्म नै पुग्ने गरेको आरोप निमित्त प्रमुख साहमाथि लाग्दै आएको छ ।

धनुषा निर्माण व्यवसायी संघले बजेट र नीति तथा कार्यक्रम मार्फत प्रदेश सरकारले व्यक्त गरेको प्रतिवद्धता विपरीत उपभोक्ता समिति मार्फत काम गराइरहेको विरोध गर्दै आएको छ ।






## कम्पनी प्रशासन व्यवस्थापन सूचना प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा

काठमाण्डु । कम्पनी रजिष्ट्रारको कार्यालयले मंगलबारदेखि लागू हुने गरी कम्पनी प्रशासन व्यवस्थापन सूचना प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा ल्याएको छ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रालयले मंगलबार एक प्रेस विज्ञप्ति जारी गरी सो विषयबारे जानकारी गराएको हो। योसँगै कम्पनी स्थापना, सञ्चालन तथा प्रशासनसम्बन्धी काम सहज हुने मन्त्रालयद्वारा प्रकाशित विज्ञप्तिमा उल्लेख छ।

यस प्रणालीको प्रयोग गरी भौतिक रूपमा कार्यालयमा उपस्थित नभईकन कम्पनी दर्तादेखि खारेजीसम्मका सम्पूर्ण प्रक्रियाहरू सम्पन्न गर्न सकिने तथा यस प्रणालीबाट कार्यालयमा आवेदन दिन सकिने, प्राप्त आवेदनहरू प्रणालीबाटै स्वचालित रूपमा सम्बन्धित कर्मचारीको डेस्कमा तोकिने, नाम स्वीकृति र कम्पनी दर्ताका निवेदनहरू एक तहबाट टुङ्गो लगाइने व्यवस्था मिलाइएको जनाइएको छ।

यस प्रणालीमा नागरिकतालगायत व्यक्तिगत विवरणका लागि राष्ट्रिय परिचयपत्र प्रणाली, करदाताको स्थायी लेखा नम्बर लिनेलगायत कार्यका लागि एकीकृत कर प्रणाली तथा लेखापरीक्षकको विवरणका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको प्रणालीसँग आबद्ध गरी कम्पनीले सम्बन्धित विवरण प्राप्त गर्न सक्ने प्रावधान राखिएको र अन्य सरकारी प्रणालीहरूसँग आबद्ध गरी सूचनाको सहज प्राप्ति र प्रमाणीकरणको प्रबन्ध गर्दै लगिने जनाइएको छ।रासस

## स्वविवु निर्वाचन :
# ठाकुरराम क्याम्पसमा ३४ विद्यार्थी समूहद्वारा दर्ता

वीरगञ्ज । त्रिभुवन विश्वविद्यालय स्वतन्त्र विद्यार्थी युनियन (स्वविवु)को आसन्न निर्वाचनका लागि वीरगञ्जको चर्चित ठाकुरराम क्याम्पसमा ३४ विद्यार्थी सङ्घ, सङ्गठन र समूहले दर्ता गरेका छन्।

ठाकुरराम बहुमुखी क्याम्पसमा २०६५ सालयता स्वविवु निर्वाचन हुनसकेको छैन। जसकारणले यस वर्ष यहाँ हुने स्वविवु निर्वाचनमा विद्यार्थीको उत्साहजनक उपस्थिति हुने छनक देखिएको छ। स्वविवु निर्वाचन अधिकृत दिलीप सिंहले निर्धारित समयभित्र ३४ विद्यार्थी सङ्घ, सङ्गठन र समूहले दर्ता गरेको जानकारी दिनुभयो। "स्वविवु निर्वाचनका लागि सङ्घ, सङ्गठन र समूह दर्तामा विद्यार्थीको उत्साहजनक सहभागिता देखिएको छ, नेपालका अधिकांश विद्यार्थी सङ्गठनको साथसाथै विद्यार्थीहरूका विभिन्न समूहले पनि दर्ता गराउनुभएको छ", उहाँले भन्नुभयो।

नेपाल विद्यार्थी सङ्घ पर्साका पूर्वअध्यक्ष दिलीपराज कार्कीले ठाकुराममा स्वविवु निर्वाचन नहुँदा विद्यार्थीको नेतृत्व विकासमा असर पार्दै आइरहेको बताउनुभयो। "स्वविवु निर्वाचन लोकतान्त्रिक अभ्यासको एउटा अनुपम नमूना हो । त्यहाँबाट निर्वाचित नेतृत्वले विद्यार्थीको हकहित र समग्र क्याम्पसको विकासमा साझेदारी भएर काम गर्न सक्छन् । तर, दुर्भाग्य यहाँ निर्वाचन नहुँदा कयौं विद्यार्थीको नेतृत्व गर्न चाहनेका लागि भने घाटा हुँदै आइरहेको छ", उहाँले भन्नुभयो, "निर्वाचनमा जितहार सामान्य कुरा हो। लोकतान्त्रिक प्रक्रियाअनुसार निर्वाचन हुनैपर्छ। त्यसमा सबै विद्यार्थी सङ्घ, सङ्गठनले निर्वाचन प्रक्रियालाई अघि बढाउन हातेमालो गरेर अघि बढ्न जरुरी भइसकेको छ।"



त्यसैगरी, वीरगञ्ज नर्सिङ क्याम्पसको स्वविवु निर्वाचनमा पनि चार विद्यार्थी सङ्गठनले दर्ता गरेका छन् । त्रिभुवन विश्वविद्यालय स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन कार्यतालिकाअनुसार सोमबार निर्वाचनका लागि सङ्घ, सङ्गठन र समूह दर्ता गर्ने कार्यक्रम थियो।

वीरगञ्ज नर्सिङ क्याम्पसका सूचना अधिकारी सुरेन्द्र ओझाले वीरगञ्ज नर्सिङ क्याम्पसको स्वविवु निर्वाचनका लागि चार विद्यार्थी सङ्गठनले दर्ता गरेको जानकारी दिनुभयो । "विहान ११ बजेदेखि तीन बजेसम्म दर्ताको समय तोकिएको थियो", उहाँले भन्नुभयो, "निर्धारित समयमा चार विद्यार्थी सङ्गठनले दर्ता गराउनुभएको छ।"

क्याम्पसका अनुसार अगामी चैत ५ गते हुने निर्वाचनका लागि अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्वविवु), अखिल क्रान्तिकारी, नेपाल विद्यार्थी सङ्घ, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्वविवू)ले स्वविवु निर्वाचनका लागि सङ्घ, सङ्गठन दर्ता गरेका छन् । दर्ता गर्न आएका विद्यार्थी सङ्गठन आफ्ना प्रतिनिधिसहित आएका थिए। त्रिविले सार्वजनिक गरेको स्वविवुको निर्वाचन कार्यतालिकाअनुसार फागुन २१ गते मतदाता सूची प्रकाशन गर्ने तोकिएको छ। त्यस्तै फागुन २५ गते दिउँसो १ बजेसम्म मतदाता सूचीउपर दाबी विरोध गर्ने समय तोकेको छभने सोही दिन बेलुका ५ बजे अन्तिम नामावली प्रकाशित गर्ने कार्यक्रम छ। फागुन २६ गते बिहान ११ देखि २ बजेसम्मको अवधिमा उम्मेदवारको मनोनयपत्र वितरण गर्ने, फागुन २७ गते उम्मेदवारको नामावली प्रकाशन गर्ने छ र चैत ५ गते बिहान ८ देखि ४ बजेसम्म मतदान गर्ने कार्यतालिका रहेको छ।

**यस्तो छ स्वविवु निर्वाचन कार्यतालिका**

त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले आगामी चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्वविवु) निर्वाचनको प्रक्रिया सुरु गरेको छ।

त्रिविका आङ्गिक, सम्बन्धनप्राप्त क्याम्पसमा सोमबार बेलुकासम्म विभिन्न विद्यार्थी सङ्गठनले आफ्नो सङ्घ, सङ्गठनको नाम दर्ता गराएका विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले जानकारी दिनुभयो । "विद्यार्थी सङ्गठनले आआफ्नो सङ्गठनको नाम निर्वाचनका लागि दर्ता गराउनुभएको छ", उहाँले भन्नुभयो, "विगतभन्दा धेरै क्याम्पसमा यसपटक निर्वाचन हुन्छ।"

निर्वाचन कार्यतालिकाअनुसार भोलि फागुन २१ गते मतदाता सूची प्रकाशन गर्ने र फागुन २७ गते बिहान ११ देखि २ बजेसम्म प्रत्यक्ष तथा समानुपातिक उम्मेदवारको मनोनयन दर्ता गरिने छ । त्रिविले मतदान आगामी चैत ५ गते बिहान ८ देखि दिउँसो ४ बजेसम्मका लागि तोकेको छ।

अनेरास्वविवुका अध्यक्ष समिक बडालले निर्वाचनका लागि सबै क्याम्पसमा आफ्नो सङ्गठनको मनोनयन गरिएको जानकारी दिनुभयो। यस्तै, नेपाल विद्यार्थी सङ्घका प्रवक्ता सुरज सेजुवालले पनि सबै क्याम्पसमा सङ्गठनको नाम दर्ता गराइएको बताउनुभयो।

अनेरास्वविवु (क्रान्तिकारी)का महासचिव रोशन मगरले देशभर नै निर्वाचन हुने क्याम्पसमा सङ्गठन दर्ता गरिएको जानकारी दिनुयभो । यसअघि त्रिविले 'स्वविवु निर्वाचसम्बन्धी निर्देशिका' आचारसंहिता जारी गरिसकेको छ । चैत ५ गते एकै दिन देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा स्वविवु निर्वाचनमा हुने छ। निर्वाचनमा २८ वर्षे उमेरहद र मिश्रित निर्वाचन प्रणालीमा व्यवस्था गरिएको छ।रासस

## पत्रकार महतको उपचारका लागि अस्पतालद्वारा सहयोग



**टुडे समाचारदाता**

रौतहट। रौतहटका पत्रकार फणीदेव महत उपचारका लागि चन्द्रपुर अस्पताल प्राली अस्पतालमा कार्यरत डाक्टर सहित सम्पूर्ण कर्मचारीहरुले एक दिनको तलव बराबरको रकम सहयोग गरेको छ।

ब्रेन ट्यूमर रोगबाट जुधिरहेका पत्रकार महतको उपचारमा थोरै भएपनि मद्दत पुगोस भन्ने उद्देश्यले अस्पतालका सम्पूर्ण कर्मचारीले एक दिनको तलव बराबरको ५० हजार रुपैयाँको चेक हसतान्तरण गरिएको चन्द्रपुर अस्पतालका प्रमुख डाक्टर सुभाष चौधरीले बताए।

अस्पताल परिसरमा मंगलवार एक कार्यक्रमको आयोजना गरी डाक्टर चौधरीले पत्रकार महतको शिघ्र स्वास्थ्य लाभको कामना सहित रकम हस्तान्तरण गरेका छन्।

चन्द्रपुर अस्पताल प्रालीका प्रमुख डाक्टर सुभाष चौधरी बिभिन्न सामाजिक कार्यमा निरन्तर योगदान पुर्याउँदै आएका छन्।

चन्द्रनिगाहपुर घर भएका पत्रकार महत पछिल्लो केही बर्ष देखि ब्रेन ट्युमरको उपचारको लागि राजधानी काठमाडौं देखी भारतको राजधानी दिल्ली सम्म धाइरहेका छन्।

उनको ब्रेन ट्युमरको अपरेसन समेत भएको थियो तर अपेक्षा अनुसार सुधार देखिएको छैन।

## अमलेखगंजमा अफिमसहित २ जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट। बारामा एक दिन नवित्दै पुनः अफिमसहित दुई व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्लाको अमलेखगंजमा अढाई किलो लागूऔषध अफिमसहित दुईजना आरोपितलाई बारा प्रहरीले पक्राउ गरेको जनाइएको छ।

इलाका प्रहरी कार्यालय अमलेखगंजबाट वरिष्ठ सइ टेकबहादुर कार्कीको कमाण्डमा गएको टोलीले सूचनाको आधारमा मंगलबार विहान अमलेखगंज चोकमा प्रहरी प्रवक्ता विजयराज पण्डितले जानकारी दिए।

मोटरसाइकल चालक चितवन कालिका नगरपालिका- ३ का ५० वर्षीय संचलाल वाईवा र पछाडी सवार हेटौँडा उप-महानगरपालिका- ३ का ४८ वर्षीय हिरालाल वाईवालाई नियन्त्रणमा लिएको प्रवक्ता पण्डितले बताए।

अढाई किलो लागूऔषध अफिम (३ वाट गोला) मोटरसाइकलसहित दुवैजनालाई नियन्त्रणमा लिइ आवश्यक कानुनी प्रकृया अगाडि बढाइएको जिल्ला




हेटौंडाबाट वीरगञ्जतर्फ जाँदै गरेको प्र.३-०३-००२ प ८११ नम्बरको मोटरसाइकललाई चेकजाँच गर्दा सिटमुनी लुकाई राखेको अढाई किलो अफिम बरामद गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।। सोमबार मात्रै बारा प्रहरीले पथलैया बाट अढाई किलो अफिम सहित एकजनालाई पक्राउ गरेको थियो।

## साधारण कर्जा नोक्सानी एक प्रतिशत हुने

काठमाण्डु । व्यावसायिक रूपमा गरिने फलफूलखेतीका लागि प्रदान गरिने कर्जामा अबदेखि एक प्रतिशत मात्रै 'साधारण कर्जा नोक्सानी' को प्रबन्ध गरिएको छ।

नेपाल राष्ट्र बैंकले क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशनअनुसार रेशम, जुट कपासलगायत कृषिखेती र व्यावसायिक रुपमा गरिने आँप, सुन्तला, जुनार, मौसम, किबी, ड्र्यागन फ्रुट, कागती, लिची, एभोकाडो जस्ता फलफूलखेतीका लागि लिइने कर्जामा उक्त प्रबन्ध गरिएको हो।

त्यस्तो कर्जाको ग्रेस अवधि चार रहेको अवस्थामा पहिलो वर्ष शून्य दशमलव २५ प्रतिशत, दोस्रो वर्ष शून्य दशमलव ५० प्रतिशत र तेस्रो वर्ष शून्य दशमलव ७५ प्रतिशत र चौथो वर्ष एक प्रतिशत मात्रै साधारण कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने निर्देशनमा उल्लेख छ।

एक वर्षभन्दा बढी ग्रेस अवधि भएका ऊर्जालगायत पूर्वाधार निर्माणसँग सम्बन्धित परियोजनामा प्रवाहित भएको असल कर्जाको ग्रेस अवधिसम्म प्रत्येक वर्ष समानुतपातिक रुपमा कर्जा नोक्सानीको व्यवस्था गरी अन्तिम वर्ष एक प्रतिशत मात्रै सामान्य कर्जा नोक्सानीको प्रबन्ध गरिएको छ । यसअघि त्यस्तो कर्जाको व्यवस्था एक दशमलव १० प्रतिशत थियो।

बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह भएका परियोजनाको उत्पादन क्षमता विस्तार हुने सुनिश्चित भएकालाई पनि एक प्रतिशत मात्रै कर्जा नोक्सानीको व्यवस्था गरिएको छ । राष्ट्रिय प्राथमिकतामा रहेका जलविद्युत्, केबलकार, सिमेन्ट, तारे होटल वा अन्य पूर्वाधार निर्माणसम्बन्धी परियोजनाको पुनःतालिका वा पुनःसंरचना गरेको अवस्थामा एक प्रतिशतमात्रै कर्जा नोक्सानीको व्यवस्था गर्न सकिने एकीकृत निर्देशनमा उल्लेख छ।

सवारीसाधनको हकमा ऋण मूल्यको अनुपात ६० प्रतिशत मात्र कायम गर्नुपर्नेछ । त्यसमा सबै प्रयोजनका विद्युतीय सवारीसाधन र निजी प्रयोजनका व्यक्तिगत अन्य सवारीसाधन रहनेछ। यसअघि इजाजत प्राप्त संस्थाले व्यक्तिगत प्रयोजनका लागि सवारीसाधन खरिद गर्न कर्जा प्रवाह गर्दा सो सवार ीसाधनको मूल्यको अधिकतम ५० प्रतिशत र व्यक्तिगत विद्युतीय सवारीसाधनको हकमा ८० प्रतिशतसम्म कर्जा प्राप्त गर्दै आएका थिए।रासस

## ललितकला प्रदर्शनी शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम। मैथिली कला तथा संस्कृतिलाई प्रवर्द्धनका लागि जनकपुरधाममा ललितकला प्रदर्शनी शुरु भएको छ।

जनकपुरधाममा मंगलबारदेखि शुरु भएको सो प्रदर्शनी फागुन २४ गतेसम्म चल्नेछ।

सो प्रदर्शनी नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र मैथिली विकास कोषको संयुक्त पहलमा भइरहेको छ। प्रदर्शनी फागुन २४ गतेसम्म सञ्चालन हुने मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले जानकारी दिए।

भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवले उद्घाटन गरेपछि प्रदर्शनी शुरु भएको थियो। सो प्रदर्शनीले मैथिली चित्रकला, मूर्तिकला र आधुनिक ललितकला क्षेत्रमा नयाँ सम्भावनाहरू खोजनका साथै नयाँ पुस्तालाई कला क्षेत्रमा आकर्षित गर्नका लागि विशेष पहल गरेको छ।



मैथिली विकास कोषका अध्यक्ष चौधरीले जनाए अनुसार प्रदर्शनीमा परम्परागत मिथिला चित्रकलालाई आधुनिक शैलीसँग मिलाएर कला क्षेत्रमा नवीन सम्भावनाहरूको खोजी गरिने छ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरूको अनुसार प्रदर्शनीले स्थानीय कलाकारहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पहिचान दिलाउने महत्वपूर्ण अवसर प्रदान हुनेछ । यसका साथै प्रदर्शनीमा सहभागी कलाकारहरूको उत्कृष्ट कृतिहरूलाई भविष्यमा अन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रदर्शनीहरूमा समावेश गर्ने योजना पनि रहेको जनाइएको छ।

प्रदर्शनीको आयोजना नेपाल टुरिज्म बोर्डको सहकार्यमा भइरहेको छ।

## नागरिकको स्वास्थ्यमा समान पहुँच पुर्याउन आवश्यक छ : राष्ट्रपति पौडेल

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको भावनाअनुसार आम नागरिकको स्वास्थ्यमा समान पहुँच पुऱ्याउन र स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने बताउनुभएको छ।

नेपाल चिकित्सक सङ्घद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले राष्ट्रले दक्ष र विज्ञ चिकित्सक उत्पादनमा गरेको लगानी संविधानको त्यही भावना र मर्मअनुसार भएको बताउनुभयो । उहाँले भन्नुभयो, "संविधानको यो भावना र मर्मलाई आत्मसात गर्दै चिकित्सकले यो पेशालाई सेवा भावको दृष्टिकोणले हेर्नु हुनेछ भन्ने विश्वास लिएको छु।"

राष्ट्रपति पौडेलले नेपाली जनताको ठूलो सङ्घर्ष, त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले नेपाली नागरिकलाई स्वास्थ्य, शिक्षा जस्ता आधारभूत आवश्यकता प्रत्याभूतिको व्यवस्था सुनिश्चित गरेको स्पष्ट पार्नुभयो। उहाँले देशका दुरदराजमा अझै पनि नागरिकले उपयुक्त स्वास्थ्य सेवा प्राप्त गर्न नसकिरहेको अवस्था रहेको उल्लेख गर्दै यो अवस्थालाई गम्भिरतापूर्वक लिएर देशका कुना, कुनामा दक्ष, विज्ञ चिकित्सकको सेवा पुऱ्याउन आवश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, 'आजको यस विशेष अवसरमा सबैलाई आ-आफ्नो क्षेत्रबाट स्वास्थ्य क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याउन आह्वान गर्दछु।'

राष्ट्रपति पौडेलले हाल देशको स्वास्थ्य शिक्षा अब्बल हुँदै दक्ष र विज्ञ चिकित्सक नेपालमै उत्पादन हुनु सुखद् पक्ष भएको उल्लेख गर्दै नेपालमै स्तरीय स्वास्थ्य सेवा तथा उपचार हुन थालेको आफैँले अनुभव गरेको बताउनुभयो । उहाँले स्वास्थ्य सेवामा सुधार हुँदाहुँदै पनि सम्पूर्ण जनशक्तिले पर्याप्त अवसर नपाएको भन्ने गुनासो आइरहेको र त्यसको परिणाम चिकित्सक विदेशिने क्रम बढ्नु चिन्ताको विषय भएको बताउनुभयो। यसलाई रोक्न सम्बद्ध पक्षले उपयुक्त कदम चाल्नुपर्ने उहाँको भनाइ थियो। देशको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार गर्न तथा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न आगामी दिनमा नेपाल चिकित्सक सङ्घको भूमिका अझ प्रभावकारी हुने राष्ट्रपति पौडेलले बताउनुभयो। रासस


### माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८१/११/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : लक्ष्मी कुमारी यादव**
**सिम्बोल नं.: २१७०२१२९**
**रजिष्ट्रेशन नं.:७६१७१५०९४**
**ठेगाना:जि.ध. जनकपुरधाम उ.म.न.पा.-१९, जमुनिया**
**मो.नं.९८१२०९८१५०**

### ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** सरकारी निकायको भय पनि रहला।
**वृष :** आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ।
**मिथुन :** धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग मिल्नेछ।
**कर्कट :** गरेका कामबाट राम्रै लाभ हुनेछ। प्रेमीको सहयोग पनि पाइनेछ।
**सिंह :** स्वास्थ्यमा समस्या आउन सक्छ, सचेत रहनु होला ।
**कन्या :** एउटै कामबाट दोहोरो लाभ मिल्ने छ।
**तुला :** सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ।
**वृश्चिक :** परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन्।
**धनु :** धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ।
**मकर :** विपरितवर्गबाटविशेषसहयोगमिल्नेछ। जोशजाँगर र हिम्मत बढ्नेछ।
**कुम्भ :** धार्मिककृत्यमासहभागीबन्नुपर्नेछ। आफन्तको प्रगतिमा मन रमाउनेछ।
**मीन :** वैदेशिक क्षेत्रको कार्य अघि बढ्नेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


### महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**१५ दिने माध्यमिकी परिक्रमा** अन्तर्गत आज मङ्गलबार पाँचौ दिनको विश्रामस्थलको लागि महोत्तरी गाउँपालिका-३ मडै गाउँमा भगवान मिथिलाबिहारी (राम)को डोला लिएर जाँदै साधुसन्त । *तस्बिरः रासस*

# वनको दिगो व्यवस्थापनमा सरोकारवालाबीच समन्वय आवश्यक छ : उपराष्ट्रपति

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले वन संरक्षण, प्रवर्द्धन र दिगो व्यवस्थापनका लागि सरकार, सरोकारवाला निकाय, स्थानीय समुदाय तथा प्राविधिक विज्ञहरूबीच समन्वयको आवश्यकता रहेको बताउनुभएको छ।

यहाँ मंगलबार आयोजित नेपाल वन प्राविधिक सङ्घको स्वर्ण महोत्सव समारोहलाई सम्बोधन गर्दै उहाँले वनसम्बन्धी नीतिगत सुधार, नवीन प्रविधिको प्रयोग र वैज्ञानिक अनुसन्धानलाई प्राथमिकतामा राखेर वन क्षेत्रको समृद्धि सुनिश्चित गर्न सबैको साझा प्रयास आवश्यक रहेको बताउनुभयो । उहाँले 'हरियो वन नेपालको धन' भनेर चिनिएको नेपालको ठूला प्राकृतिक स्रोतको केन्द्र वन भएकाले यसमा सबैको समान पहुँच जरूरी रहेको उल्लेख गर्दै नेपालको कूल जमिनको ४६ प्रतिशत ढाकेको वन क्षेत्रलाई कायम राख्दै थप विस्तारमा टेवा पुग्ने योजनाका साथ अघि बढ्नु निर्विकल्प रहेको बताउनुभयो ।



"नेपालको संविधानको निर्देशक सिद्धान्तहरूमा धारा ५१ मा उल्लेखित 'जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्नसक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने' उद्देश्यबाट परिलक्षित छ", उपराष्ट्रपति यादवले भन्नुभयो, "वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने उद्देश्य पनि संविधानमा उल्लेख छ। यी उद्देश्य र नीतिहरूलाई कार्यान्वयनमा ल्याउन सबैको भूमिका उत्तिकै महत्त्वपूर्ण भए पनि नेपाल वन प्राविधिक सङ्घको जिम्मेवारी झनै बढी छ।"

कार्यक्रममा उहाँले पछिल्लो समय तराई-मधेसमा पानीको सतह तल गएको र पानीको स्रोतहरू सुक्दै गएको अवस्थामा यसलाई रोक्न प्राविधिक सङ्घले गर्नसक्ने कार्यहरूको योजना र रणनीति तर्जुमामा सरकारलाई सुझाव र सल्लाह दिएर नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।रासस

# कडा लक्षणको मौसमी 'फ्लू' देखिँदै



काठमाण्डु । वनस्थलीका २८ वर्षीय राज घिमिरेलाई ज्वरो आउने, जीउ दुख्ने, खोकी लाग्ने, घाँटी खसखस हुने, जीउ आलस्य हुने लक्षण देखियो । दुईहप्ता घरमै आराम गरेर निको भए पनि उहाँलाई हल्का खोकी अझै लागिरहेको छ।

भक्तपुरकी सानु खड्काले यो वर्षको फ्लू (इन्फ्लुएन्जा) कडा महसुस गर्नुभयो । उहाँले लामो समयसम्म खोकी लागिरहने समस्या पहिलो पटक भोग्नुपरेको सुनाउनुभयो । "खोकी एकदमै लामो समयसम्म लागिरहेको छ। एक हप्ता टाउको उठाउनै सकिन। जीउ आलस्य र एकदमै कमजोर भएको छ", खड्काले भन्नुभयो।

उहाँहरू मात्रै होइन यस पटक धेरैजसोले यस्तै समस्याको सामना गर्नुपरेको गुनासो गरिरहेका छन्। छाति तथा दम रोग विशेषज्ञ डा नवीनकुमार मिश्राले पनि फ्लू लाग्ने सिजन सकिसक्दा पनि लामो लक्षणसहितको फ्लू देखापरिरहेको बताउनुभयो । सामान्यतयाः नेपालमा जनवरी-मार्च महिना र जुलाई-सेप्टेम्बर महिनामा फ्लू बढी देखिने भए पनि यसपटक निकै लम्बिएको उहाँले सुनाउनुभयो।

डा मिश्राका अनुसार मौसमी रुघाखोकीको लक्षण सामान्यतया हुनु, घाँटी दुख्नु, नाक बग्नु आदि लक्षण देखा पर्न सक्छन् । फ्लूमा खोकी गम्भीर हुनसक्छ र दुई हप्ता वा सोभन्दा बढी पनि रहनसक्छ।

यसले श्वासप्रश्वास प्रणालीमा सङ्क्रमण गराउने भएकाले पीडितलाई भाइरल वा ब्याक्टेरियल निमोनिया (फोक्सोको सङ्क्रमण)सँगै अन्य सङ्क्रमणको खतर ासमेत हुने सम्भावना सङ्क्रामक रोग विशेषज्ञ डा शेरबहादुर पुनले बताउनुभयो । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका रिसर्च युनिट संयोजक उहाँले हाल धेरैले लामो समयसम्म खोकी लागिराख्ने समस्या लिएर आउने बिरामी बढिरहेको बताउनुभयो । पुनले भन्नुभयो,"फ्लूले धेरै लामो समयसम्म दुःख दिने गर्छ । सामान्यतयाः हप्ता वा १० दिनसम्म निको हुने फ्लू हाल थप केही हप्तासम्म लम्बिएको देखिन्छ । हप्तौँसम्म लम्बिने खोकीलाई 'पोस्ट भाइरल कफ' भनिन्छ।"

उहाँले कोभिडमा देखिएको गन्ध र स्वाद थाहा नपाउने लक्षण यो फ्लूमा पनि देखिएको भन्दै कोभिडका 'सब-भेरियन्ट' पनि हुनसक्ने आँकलन गर्न सकिने बताउनुभयो । सङ्क्रामक रोग विशेषज्ञ डा पुनले मौसम परिवर्तन र वायु प्रदूषणले पनि फ्लूको

छाति तथा दम रोग विशेषज्ञ डा नवीनकुमार मिश्राले पनि फ्लू लाग्ने सिजन सकिसक्दा पनि लामो लक्षणसहितको फ्लू देखापरिरहेको बताउनुभयो ।

जोखिम बढाएको बताउनुभयो।

"हाल हङकङ फ्लू देखिएको छ । जोखिम वर्गमा पर्ने बालबालिका, ज्येष्ठ नागरिक, दीर्घरोगी बढी जोखिममा हुन्छन्। चिकित्सकको परामर्शमा रहने र गम्भीर अवस्था देखिएमा निमोनिया हुनसक्ने भएकाले थप सतर्कता अपाउन आवश्यक छ", उहाँ भन्नुहुन्छ,"मास्क लगाउने, सरसफाइमा ध्यान दिने, सङ्क्रमित व्यक्तिबाट सजग रहने, सङ्क्रमण देखिएमा पर्याप्त मात्रामा आराम गर्ने गर्नुपर्दछ । फ्लूविरुद्ध खोप लगाउनु राम्रो हुन्छ।"

विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) काअनुसार मौसमी रुघाखोकीको भाइरस 'ए', 'बी', 'सी' र 'डी' गरी चार प्रकारको हुने भए पनि मुख्य रूपमा महामारीमा भने 'ए' र 'बी' भाइरस बढी फैलिने गरेका छन् । डब्लूएचओका अनुसार विश्वभर हरेक वर्ष मौसमी रुघाखोकीका कारण ३० लाखदेखि ५० लाख 'केस' पहिचान हुने गरेका छन् । तीमध्ये दुई लाख ९० हजारदेखि छ लाख ५० हजार जनासम्मको श्वासप्रश्वासमा जटिलता आएर मृत्यु हुने तथ्याङ्कले देखाउँछन्।

खोपले शतप्रतिशत सुरक्षा नदिए पनि जटिलता र अस्पताल भर्ना हुनबाट जोगाउन सहयोग गर्छ । चिकित्सकहरूका अनुसार इन्फ्लुएन्जाका लक्षण सामान्यतया भाइरस भएको व्यक्तिबाट सङ्क्रमित भएको दुई दिनपछि सुरु हुन्छ । उच्च जोखिममा रहेका व्यक्तिमा गम्भीर समस्या, अस्पताल भर्ना र मृत्युसमेत हुनसक्छ।

काठमाडौँ मेडिकल कलेज श्वासप्रश्वास रोग विभागीय प्रमुखसमेत रहेका डा मिश्राले दम भएका बिरामी, पाँच वर्षमुनिका बालबच्चा र ६० वर्ष माथिका व्यक्ति, रोगसँग लड्नसक्ने क्षमता कम भएकाहरूमा फ्लूको जोखिम रहने बताउनुभयो । उहाँ भन्नुहुन्छ,"लक्षण बिग्रिँदै गइरहेको छ, अक्सिजनमा कमी आएको छ भने तत्काल चिकित्सकलाई भेट्नुपर्छ। लक्षण सामान्य देखिएका छन् भने आराम गरेर निको हुन्छ । आराम गर्ने, झोलिलो पदार्थ प्रशस्त खाने गर्नुपर्छ । धेरैजसो आफैँ हराएर जान्छ।"

जटिलता निम्तिएको खण्डमा निमोनिया, मुटुको चालमा गडबडी, रगतमा सङ्क्रमणसमेत हुनसक्ने भएकाले उच्च सतर्कता अपनाउनुपर्ने उहाँको सुझाव छ ।रासस

(एक सातामा आफैँ हराएर जाने तर केहीलाई भने जटिल समस्या निम्त्याउन सक्छ। मौसम परिवर्तन भएसँगै फ्लूका बिरामी देखिन थालेका छन्। धेरैमा कडा लक्षण देखिएको छ। विशेषगरी लामो समयसम्म खोकी लाग्ने समस्या देखिएको छ । यसमा अचानक ज्वरो आउनु, सुख्खा खोकी लाग्नु, टाउको दुख्नु, मांसपेशी दुख्नु, अस्वस्थ्य महसुस)

# परराष्ट्रको काम "रेस्क्यु" गर्ने जस्तो मात्र भयो : परराष्ट्रमन्त्री

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले परराष्ट्र मन्त्रालयको धेरैजसो काम विदेशमा रहेका नेपाली नागरिकहरुको उद्धार (रेस्क्यु) गर्नेजस्तो मात्र भएको बताउनुभएको छ।

नेपाली कांग्रेस केन्द्रीय प्रशिक्षण प्रतिष्ठानले रुपन्देहीको भैरहवामा पर्टीका प्रतिनिधिसभा क्षेत्रीय सभापति तथा प्रशिक्षण शाखा प्रमुखका लागि आयोजना गरेको प्रशिक्षणमा उहाँले भन्नुभयो, "अहिले विदेशमा नेपालीहरु यतिधेरै समस्यामा परिरहेका छन् कि परराष्ट्र मन्त्रालयको काम त यसो हेर्दा उनीहरुको उद्धार गर्नेजस्तो मात्र भएको छ।"

मन्त्री डा राणाले सीमित स्रोत, साधन र जनशक्तिका कारण संसारमा रहेका नेपालीको उद्धारको काम निकै कठिन भएको जानकारी दिनुभयो । अहिले संसारका ४० देशमा मात्र नेपाली राजदूतावास रहेका तर नेपालीहरु भने एक सयभन्दा बढी देशमा पुगेका बताउँदै मन्त्री डा देउवाले नेपालीहरु कहाँ र कसरी पुगेका छन् भन्नेबारेको सूचना मन्त्रालयलाई थाहा नहुने र कसैलाई समस्या परेर उद्धार गर्नुपर्ने अवस्थामा मात्र थाहा हुने गरेको बताउनुभयो।

बङ्गलादेशको उदाहरण दिँदै उहाँले भन्नुभयो, "जस्तो कि बङ्गलादेशमा मेडिकल पढ्न गएका विद्यार्थीलाई समस्या परेपछि मात्र त्यहाँ कति विद्यार्थी छन् भन्ने कुरा थाहा भयो । तर मिडियामा भने उनीहरुलाई एक दुई दिनमै नेपाल ल्याइहाल्नुपर्‍यो भन्नेजस्तो गरेर समाचार आउँछ । त्यसबेला पनि ढाकाको दूतावासमा रहेको सीमित जनशक्तिले समन्वय गर्‍यो । यस्तै अवस्था अन्यत्र पनि छन्, तर हामी जसोतसो काम गरिरहेकै छौँ।"





उहाँले मध्यपूर्वी देशहरुमा घरेलु कामदारका रुपमा जान महिलालाई नेपालले प्रतिबन्ध लगाएको भए पनि अवैधानिक बाटोबाटै हजारौँ महिला ती देशमा पुगिरहेका जानकारी गराउँदै पछि यदि उनीहरु समस्यामा परे भने उद्धारका लागि निकै अप्ठेरो पर्नसक्ने पनि बताउनुभयो।

मन्त्री डा देउवाले त्यसैले परराष्ट्र मन्त्रालयले संसारका नेपाली डायस्पोरालाई कन्सुलर सेवा उपलब्ध गराउन तथा परम्परागत कूटनीतिभन्दा माथि उठेर नेपालको परराष्ट्र सम्बन्धलाई थप विस्तारित गर्न ओएनएम गरेर थप दरबन्दी सिर्जना गरेको र यसबाट आगामी दिनमा केही सहज हुने उहाँले स्पष्ट गर्नुभयो।

नेपाली मिसन नरहेका तर नेपालीहरुको संख्या धेरै रहेका स्थानजस्तै अमेरिकाका टेक्सास र सान्फ्रान्सिस्को तथा युएईको दुबईमा महावाणिज्यदूतावास नै स्थापना गरिएको उहाँले जानकारी गराउनुभयो।

मन्त्री डा राणाले अहिले अमेरिकाले वैदेशिक सहयोग रोकेजस्तै गरी अन्यत्रबाट पनि त्यस्तो समाचार नआउला भन्न नसकिने बताउँदै अब देशको विकास आफैँ गर्ने र युवाहरुलाई स्वदेशमै रोजगारीमा लगाउने विषयमा कांग्रेसले गाउँगाउँमा अभियान सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो ।रासस


## धनुषाधाम नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### धनुषाधाम, धनुषा
### मधेश प्रदेश, नेपाल

## नदिजन्य पद्धार्थ बिक्रीकालागी बिधुतिय बोलपत्र आहवानको सुचना

**प्रथम पटक प्रकाशित मिति २०८१/११/२१**

स्थानिय सरकार संचालन ऐन २०७४, को दफा ६२ (क) र धनुषाधाम नगरपालिकाको आर्थिक ऐन, २०७७ को दफा १० को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारीत मापदण्ड बमोजिम नदिजन्य पदार्थ संकलन गरी धनुषाधाम नगरपालिकाले तोकेको दरमा बिक्री गर्नेगरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धी कर दर्ता भएको प्रमाणपत्र, आ.व.२०८०/८१ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संल्गन गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

| सि.न. | ठेक्का नं. | विवरण | उल्लेखित परिमाण घन फिट | न्युनतम बोलपत्र रकम मु.अ.कर वाहेक | बोलपत्र फारम दस्तुर रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | DM-NCB/G/04/2081-82 | मुर्गीयाखोला,वालुवा खोला र मालटोलखोला बगर बाट नदिजन्य पद्धार्थको बिक्री | ४,०५,८०७।०० | २०,२९,०३४।०० (मु.अ.क वाहेक) | ३०००/- | आफुले कबोल गरेको रकमको ५ प्रतिशत | |

**शर्तहरू**

१. फर्महरुको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धी कर दर्ता भएको प्रमाणपत्र, आ.व.२०८०/८१ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी बोलपत्र फारम दस्तुरवापत धनुषाधाम नगरपालिकाको एन.आई.सी. एशिया बैंकको खाता नं. आन्तरीक राजश्व खाता ग-१-१ ०३१२०५००२५३५८००४ मा नगद जम्मा गरेको नगद भौचर विद्युतिय माध्यमबाट बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुरको भौचर बोलपत्र सम्बन्धित कागजातमा संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन ३१ औ दिन सार्वजनिक विदा पर्न गएमा सो को लगतै पछिको कार्यालय खोल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. कबोल रकम अंक र अक्षरमा स्पस्ट लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। लेखिएको अंक र अक्षरलाई काटनु परेमा पुनः लेखि सहि छाप गर्नुपर्नेछ। आफुले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा रहेको एन.आई.सी.एशिया बैंकको खाता नं. ग-३ ०३१२०५००२५३५८०१४ धरौटी खातामा जम्मा गरी उक्त सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड पेश गर्नुपर्नेछ।

३. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्ध गर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित रहनेछ।

(**नोट**: विस्तृत जानकारीको लागी यस कार्यालयको वेभ साईट www.dhanushadhammunicipality.gov.np मा समेत हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# बारा र पर्सामा तस्करीको लाइन

बारा, पर्सा र रौतहट जिल्लाबाट अहिले तस्करी व्यापक बढेको छ। तस्करी नियन्त्रण गर्ने निकाय नेपाल प्रहरी र सशस्त्र प्रहरीले लाइन खोलेको छ। सर्वसाधारणले ल्याउने खुद्रा सामान बरामद गर्ने प्रहरीले ट्रकमा आउने लाखौँको अवैध सामानलाई बिना चेकजाँच गन्तव्यसम्म जाने दिने गरेको छ। भन्सार कार्यालय हुँदै अवैध रुपमा मालसामान भित्रिने मात्र नभई विभिन्न माध्यमबाट अवैध रुपमा मालसामान ल्याएर भण्डारण गरिन्छ। भन्सार छली गरी ल्याइएको अवैध मालसामान भण्डार गर्ने र त्यहाँबाट प्रहरी संरक्षणमा गन्तव्यसम्म पठाइने गरिन्छ। हरेक चौकी र इलाकामा नियमित बुझाउनु पर्ने रकममा ढिलाई हुँदा लोड भएको ट्रकलाई नियन्त्रणमा लिने गरिन्छ। बारा र पर्सा जिल्लाको सीमाभन्दा पथलैया झण्डै ४० किलोमिटर टाढा छ। सीमाबाट अवैध सामग्री लिएर प्रवेश गर्ने ट्रकहरुलाई प्रहरीले जान छुट दिए पनि लेनदेनमा ढिलाई गर्ने तस्करको मालसहित पथलैया र छेउछाउमा प्रहरीले ट्रक नियन्त्रणमा लिने गरेको छ। सीमावर्ती र वीरगञ्ज, कलैया बजारदेखि पूर्वपश्चिम राजमार्गसम्म निर्वाध गएको अवैध सामग्री सहितको ट्रकको जाँच गरिन्छ। बिलबिजक बिना ट्रक काठमाण्डुतर्फ गइरहेको अवस्थामा पथलैयामा नियन्त्रणमा लिएर राजस्व कार्यलयमा बुझाइन्छ। तर यो सबै काम गर्ने ट्रक सीमादेखि पूर्वपश्चिम राजमार्गसम्म पुग्न किन जाँच हुँदैन ? अवैध सामान बोकेर वीरगञ्ज, कलैया, गौरबाट हिडेको गाडी हेटौँडामा नियन्त्रणमा लिइन्छ। अधिकांश सामान भारतबाट तस्करी भएर नेपाल आउने गर्छ। तर केही सामानहरु तेस्रो देशबाट आयात गरी भारत तस्करी गरिन्छ। यस्ता सामानहरु चीनबाट नेपाल ल्याएर अवैधरुपमा भारत पठाइन्छ। नेपाल र भारतबीच भारी परिमाणमा हुने तस्करीमा प्रहरी संलग्नता छ। प्रहरी संलग्नता बिना ट्रकबाट तस्करी प्रायः असम्भव नै छ। पछिल्लो समयमा बारा, पर्सा र रौतहट जिल्लाबाट लाइन खुल्ला गरिएको छ। भारत र नेपालबाट निर्वाध रुपमा अवैध मार्गबाट मालसमान आउजाउ भइरहेको छ। तस्करी भएर नेपालमा आउने मालसामानले सीमावर्ती नेपाली भूभागको बजारलाई तहसनहस बनाएको छ। तस्करी नियन्त्रण नभएसम्म देशको आर्थिक अवस्था समेत अस्थिर रहने छ। प्रहरीले नै लाइन दिएर तस्करी गराउने भएकाले नियन्त्रणका लागि सरकारले गरेको लगानी पनि सार्थक हुँदैन। भारतबाट अवैध रुपमा आउने मालसामानलाई नाकामै रोकिए मात्र प्रहरी सकृय रहेको देखिने छ। बिलबिजक भन्दा कयौं गुणा बढी मालसामान ट्रकबाट काठमाण्डुसम्म पुऱ्याइन्छ। त्यो भन्सार र प्रहरी दुवैको संलग्नतामा मात्र सम्भव छ। लेनदेनमा गडबडी हुँदा पथलैया, मकवानपुरमा बरामद हुने अवैध मालसामान बोर्डरमै किन बरामद गरिदैन ? त्यसको मुख्य कारण प्रहरीको लाइन हो। सरकारले त्यो लाइन रोक्न पनि ठोस कदम नै चाल्नु पर्छ।

# मिथिला क्षेत्रका तिन परिक्रमा मध्येका " मिथिला माध्यमिकी परिक्रमा"



प्रफुल्ल घिमिरे

"मिथिला माध्यमिकि" पन्द्र दिने परिक्रमालाई निस्केको मिथिला बिहारिजी र किशोरीजिको डोला फागुन २१ गते शुक्ल षष्ठी तिथिका दिन नै आज धुर्व कुण्डमा आएर विश्राम गर्ने गर्दछ।

मिथिला भुभागमा गरिने तीन परिक्रमाहरु मध्ये मिथिलाको कुम्भ भनेर चिनिने नेपालकै सबैभन्दा लामो दुरीको मिथिला क्षेत्रका एक धार्मिक पैदल यात्रा "मिथिला माध्यमिकी परिक्रमा" प्रत्येक वर्ष फागुन कृष्ण चतुर्दशीका दिन प्रारम्भ हुने यो परिक्रमा यसपटक २०८१ फागुन १५ गते देखी शुरु भएको हो।

धनुषाको मिथिला बिहारी नगर पालिका कचुरीमा अवस्थित मिथिला बिहारी मन्दिरबाट मिथिला बिहारिजिको डोला र जनकपुर धाम नगर पालिका वाड न.८ मा अवस्थित अग्निकुण्ड सुन्दर सदनबाट किशोरीजीको डोला संगसंगै साधु सन्त, महन्थ सहित लाखौं श्रद्धालु भक्तजनहरु बाजागाजा ध्वजा पताका घण्टी घण्टा सहित भजन किर्तन गर्दै जनकपुरधामको हनुमानगढीबाट नेपाल र भारतको विभिन्न स्थान (९० कि.मी.+३०कि.मी.) को १५ दिनमा पैदल यात्रा गरेर पुनः जनकपुरधाम आई अन्तगृही परिक्रमा गरी बिधिवत यो परिक्रमा सम्पन्न गर्ने गरिन्छ।

मिथिला माध्यमिकी परिक्रमा गर्दा मिथिला बिहारिजी र किशोरीजिको डोलालाई नेपाल र भारतका विभिन्न स्थानहरुमा विश्राम गराउने गरिन्छ। उक्त विश्राम २०८१ फागुन १५ गते बिहीबार हनुमाननगर जनकपुरधाममा, फागुन १६ गते शुक्रबार कल्यानेश्वर भारतमा, फागुन १७ गते शनिबार गिरिजा स्थान भारतमा, फागुन १८ गते आइतबार मटिहानी नेपालमा, फागुन १९ गते सोमबार जलेश्वरमा, फागुन २० गते मंगलबार मड़ईमा, फागुन २१ गते बुधबार ध्रुवकुण्डमा, फागुन २२ गते बिहीबार कञ्चनवनमा, फागुन २३ गते शुक्रबार पर्वतामा, फागुन २४ गते शनिबार धनुषाधाममा, फागुन २५ गते आइतबार सप्तऋृषि आश्रम सतोखरमा, फागुन २६ गते सोमबार औरहीमा, फागुन २७ गते मंगलबार करुणा भारतमा, फागुन २८ गते बुधबार बिसौल भारतमा, फागुन २९ गते बिहीबार जनकपुरधाम आइ विश्राम गरेर चैत १ गते पुर्णिमाका दिन अन्तगृह परिक्रमा गरे पश्चात् बिधिवत सम्पन्न हुने गर्छ।

मिथिला भूमि संसारको भुस्थलमा सर्व उत्कृष्ट तपोभूमी हो। राजर्षी सीरध्वज जनकले राज्यमा अकाल पर्दा गरेका हलेश्वरी यज्ञमा स्वर्णका हलोले भुमी जोत्दा आदि शक्ति सीता बैशाख नवमिका दिन यै भुमिबाट प्रकट भएकी हुन।

यो भुभाग मिथिला महात्म्यमा उल्लेख भए अनुसार गंगा देखि हिमालय सम्म ६४ कोस चौडाइ र कोसी देखि गण्डकी सम्म ९६ कोष लम्बाइ क्षेत्रमा सौन्दर्यताले भरिएको देवभूमी एंव तपोभूमी हो।

त्रेता युगमा बिष्णुजि आफ्नो साकेत धामवाट यस लोक अबधमा रामचन्द्रको रुपमा अवतरित हुँदा महालक्ष्मी पनि सम्पुर्ण बैकुण्ठ धामलाई संगै लिएर मिथिलाको पवित्र यस भु-भागवाट प्रकट भएकी हुन।

यो भूमि देवी देवताहरुको प्रिय स्थलको रुपमा रहिआएको छ। यस भूमिवाट दर्शन शास्त्रहरुको बिस्तार भएका छन। यो भूमिले संस्कृत बिधाको चितन गरेको छ। ठूल्ठूला योगि, ऋषि-महिर्षिहरुको आश्रम स्थल रहेको, कर्म स्थल बनेको, तपोभूमी-सिद्ध भूमि शक्ति पीठको रुपमा पुज्यनिय बन्न्दनीय रहेको छ। यसै सर्वश्वलाई लिएर एउटा प्रसिद्ध तिर्थस्थलको रुपमा संसार कै हिन्दू सनातन धर्मावलम्बीहरुको अगाध आस्था रहेको छ। यसै आस्था एंव मान्यताले गर्दा मोक्ष प्राप्ति एंव पुण्य आर्जनका लागि यस भुभागको परिक्रमा हिन्दु धर्मावलम्बीहरु गर्ने गर्छन्। यस भुभागाको परिक्रमा गर्दा यस लोकमा आफ्नो इच्छित मनोकामना पुर्ण भइ परलोकमा बैकुण्ठ धाम प्राप्त हुने बिश्वास रहिआएको छ। भगवान राम र आदि शक्ति सितासंग सम्बंद्ध रहेका बैकुण्ठ धाम कै स्वरूपमा रहेका मिथिला क्षेत्रका स्थलहरु, यस भुभागका जलाधी एंव तलाउहरुमा नुहाउंदा, पानी खादा (सेचन गर्दा), दर्शन गर्दा पापहरु नष्ट भएर बैकुण्ठ धाम प्राप्त हुने र मनुष्यले पूनरजन्म लिनु नपर्ने धार्मिक मान्यता रहिआएको छ।

यही बिश्वासमा रहेर परापुर्व कालदेखि सन्त-महन्त, ऋृषि-मुनिहरु लगायत हिन्दु धर्मावलम्बीहरु भजन किर्तनका साथ मिथिला क्षेत्रका परिक्रमा गर्दै आइरहेका छ्न।

मिथिला भुभागको परिक्रमा तीन प्रकारका रहेका छ्न। बृहत् परिक्रमा, मध्यमा परिक्रमा र लघ्वी परिक्रमा। बृहत परिक्रमा गर्दा सम्पुर्ण मिथिला राज्यको परिक्रमा हुन्छ भने मध्यमा परिक्रमा किलाको परिक्रमा हो। लघ्वी अर्थात अन्तरगृह परिक्रमा चाहिँ महलको परिक्रमा हो।

**बृहत परिक्रमा :**

बृहत परिक्रमा परापुर्वकालको मिथिला राज्यको वा भनौं सम्पूर्ण मिथिला भूभागको हो। जनकपुर मीमांसामा उल्लेख भए अनुसार यो परिक्रमा मङ्सिर महिनामा गर्ने गरिन्छ। नियमानुसार कोशी र गंगाको संगम स्थलमा स्नान गरेर सिंधेश्वर महादेवको दर्शन गरेर प्रारम्भ हुन्छ। सीतारामको ध्यान एंव भजन गर्दै गंगाको तटैतट परिक्रमा गर्दै पश्चिमतर्फ जाँदा गंगा र गण्डकको संगम स्थलमा पुगिन्छ। सो संगममा स्नान गरेर हरिहर नाथ हरिहर क्षेत्रको दर्शन गर्नुपर्छ र पश्चिम् बढदै जाँदा बगहा छेउमा जटेश्वरनाथको दर्शन गरिन्छ भैसालोटन वाल्मीकि आश्रम हुँदै देवघाट पुगिन्छ। जलेश्वर नाथको दर्शन गरिन्छ। रोशी कोसीको संगममा स्नान गरेर कुशेश्वर नाथको दर्शन गरिन्छं। ताम्र कोसि र सुन कोसीको संगममा स्नान गरेर वैणेश्वर महादेवको दर्शन गरिन्छ। यसपछि अगाडि बढदै गएमा दुग्ध कोसि सुनकोसीको संगममा स्नान गरेर दुग्ध ईश्वरनाथको दर्शन गरिन्छ। सोही मार्गमा अरुण कोसी र अन्य कोसिको संगम छ। त्यहाँ जनक ईश्वरनाथ आशुतोष भएर रहेका छन। यसरी सिधेंश्वर महादेवको दर्शन गर्दै गंगाको तट हुँदै कोसी -गंगा, गण्डकी-गंगाको संगम स्थलहरुमस स्नान गर्दै गंगाको तट हुदै हिमालय को तलको फाँट भएर कामेश्वरनाथ महादेवको दर्शन पश्चात् अन्तमा पुनः सिंधेश्वर महादेवको दर्शन गरेर बृहत परिक्रमा समापन गरिन्छ। यो मिथिला राज्यको ठूलो परिक्रमा मार्ग निश्चित गरिएको छ। यो परिक्रमामा अधिक समय लाग्ने भएकाले ऋृषि मुनि सन्त भक्तजनहरु आज पनि मण्डली बनाई परिक्रमा गर्ने गर्दछन्।

**मध्यमा परिक्रमा :**

यस परिक्रमालाई श्री मिथिला बिहारिको परिक्रमा, मध्यमा परिक्रमा, पञ्चाहिनी परिक्रमा, पञ्चकोसी परिक्रमा, पन्द्रदिने परिक्रमा भनेर सम्बोधन गर्ने गरिन्छ।

परापुर्वकालमा यस मध्यमा परिक्रमालाई पाँच दिनमा सम्पन्न गर्ने गरिन्थ्यो। अहिले पनि कतिपय श्रद्धालु भक्तजनहरु यो परिक्रमा गर्ने गर्छन। यसरी पाँच दिनमा गरिने परिक्रमालाई पञ्चाहिनको परिक्रमा पनि भनिन्छ। यो परिक्रमालाई मिथिला बिहारिको परिक्रमा पनि भनिने गरिन्छ। मिथिला बिहारी भगवान श्रीरामलाई भनिन्छ। भगवान श्रीराम (मिथिला बिहारी) को डोलाको नेतृत्वमा यो परिक्रमा शुरूवात हुन्छ। अष्टमी तिथिका दिन कल्याणेश्वरवाट चार कोस पश्चिम माता सीताले प्रत्येक दिन पुजा गरिने ईष्टदेवी गिरिजा माता बिराजमान रहेकी गिरिजा स्थानमा विश्राम गरिन्छ। नवमीका दिन स्नान ध्यान गरेर गिरिजा माताको पुजा अर्चना पश्चात् भक्तजनहरु मार्गमा रहेका देवी देवताहरुको दर्शन गर्दै चार कोष पश्चिम जल भित्र बिराजमान रहेका जलेश्वर नाथ महादेवका स्थान जलेश्वरमा विश्राम गर्दछन। दशमीको दिन दस कोस परिक्रमा गर्दै सिद्ध क्षिरेश्वर नाथ महादेवको वासस्थान क्षिरेश्वरमा विश्राम गर्दछन। क्षिरेश्वर नाथ महादेवको दर्शन पश्चात् एकादशिका दिन आठ कोस परिक्रमा गर्दै धनुष खण्डको अवशेष रहेको स्थान धनुषा धाममा बास बसिन्छ। द्ववादशिका दिन त्यहाँ अवस्थित बाल गंगा, पवित्र तलाउहरुमा स्नान एंव सेचन गर्दै धनुषा धामको दर्शन गरेर नौ कोस परिक्रमा गर्दै पुनः कल्याणेश्वरमा पुगेर आफ्नो संकल्प पूरा गर्दछन्। अघिल्लो तिथिमा ऋृषि विश्वामित्रको आश्रम स्थल हुदै जनकपुर धाम आउने परम्परा रहेको छ।

यो परिक्रमाको पडाव धेरै टाढा पर्न गएकोले भक्तजनहरुको सेवार्थ एंव कल्याणार्थ साधु सन्तहरुले पन्द्रह दिने परिक्रमाको शुरूवात गरे। यो परिक्रमा पहिले सीता कुण्डवाट नै उठने गर्दथ्यो। सीता कुण्डका महन्त पण्डित श्री वैष्णब शरणजि थिए। यसै स्थानका गुरु भाइ लाडली शरण कचुरी स्थानका महन्त भए। पछि केहि कुरामा मतान्तर हुँदा यहाँका पुरातन युगल मुर्ति मिथिला बिहारिका कचुरी स्थानमा लगिए। यही प्राचीन मुर्तिहरु कचुरी स्थानबाट डोलामा राखी पुजा अर्चना गरेर बेहुला बनाएर पन्द्र दिनको परिक्रमाको नेतृत्व गराउदै डोला परिक्रमाको लागी निस्कदछ। यो डोला परिक्रमाको मार्गमा गाउँ गाउँमा अडडै देव देवि स्थलहरुमा विश्राम गर्दै अन्तमा पन्द्र दिनमा जनकपुर धामको अन्तगृह परिक्रमा गरेर समापन हुदछ।

भनिन्छ - मिथिलाका राजकुमारी सितासंग अवधका राजकुमार दुलहा श्रीराम बिवाहा गर्न जन्तीका साथ आएका बेला उनको डोला गाउँ घर हुदै देवी देवता स्थल पिठ, थान, डोह, ऋृषि आश्रम, बन, नदिको दर्शन गर्न घुमेको हुँदा सो ठाउँहरुको परिक्रमा गर्न शुरूवात भएको हो।

मध्यमा परिक्रमाको मार्ग मिथिलाको राजधानी जानकपुर धाम महर्षी राजा सिरध्वज जनकको किला हो भनेर पनि भनिने गरिन्छ। यसै समय देखी मिथिलामा आज पनि बिवाहा गर्न आएका दुलहालाई गाउँ घरका देवी देवताको दर्शन गराउने चलनको शुरूवात भएको मानिन्छ।

पन्द्र दिने मध्यमा परिक्रमाको पनि आफनै किसिमको बिधि रहेको छ। फाल्गुन औंसीका दिन धनुषा जिल्लाको कचुरी गाउँमा अवस्थित मिथिला बिहारिको मन्दिरमा बिराजमान रहेका मिथिला बिहारी राम र सिताको मुर्ति डोलामा सजाएर राखिन्छ। पुजा अर्चना गरिन्छ। घण्टी घण्टा, शंख बजाउदै ध्वजा पताका एंव विभिन्न देबि देवताका साथ मिथिला बिहारिको डोला परिक्रमाको लागी अगाडि बढछ। दुलहाका रूपमा रहेका रामको डोलाको पछि पछी भक्तालुहरु भजन किर्तन गर्दै पञ्चकोसी परिक्रमाका लागी प्रस्थान गर्दछ्न। मिथिला बिहारिको डोला जनकपुर धाम राजा जनकको खजाना रहेको रत्नसागर स्थानमा पुग्दछ। यहाँ डोलाको पुजा पाठ एंव आरति गरिन्छ। साधु सन्त, भक्तजनहरुलाई खाना खुवाइन्छ र यहाँबाट डोला जानकी मन्दिरका लागी प्रस्थान गर्दछ। जानकी मन्दिरमा पनि पुजा पाठ आरति गरेर डोलाको स्वागत गरिन्छ। पाँच पद रामायणको सुनाएर डोलाको बिदा गरिन्छ। डोला जानकी मन्दिरको परिक्रमा गरेर हनुमान गढिकालागी प्रस्थान गर्दछ। जनकपुर धामबाट दक्षिण हनुमान गढि (हनुमान नगर )मा बिराजमान रहेका भगवान रामका प्रिय सेवक हनुमानजिको मन्दिरमा पुजा पाठ अर्चना गरेर डोलाको स्वागत गरिन्छ। पहिलो रात्रीको बिश्राम डोलाको यसै स्थानमा हुँदछ। यहाँ भक्तजनहरु सीतारामको दर्शन गरेर बिशाल रुपमा रहेका साक्षत श्री श्री श्री १०८ महाबिर हनुमानजिबाट आशीर्वाद ग्रहण गर्दछन्।

फागुन परेवाका दिन हनुमान नगरबाट चार कोस दक्षिण पुर्व हुँदै भारत बिहार राज्यको मधुबनी जिल्लामा अवस्थित कल्याणेश्वर स्थानमा पुगेर डोलाको विश्राम गराइन्छ। यहाँ सबैको कल्याण गर्ने कल्याणेश्वर महादेव बिराजमान छन। भजन किर्तन गर्दै झाँकी धार्मिक नृत्य गान एंव ऋृषि मूनिहरुका प्रवचन सुन्दै भक्तजनहरु रात बिताउद छन।

भोलिपल्ट द्वितियाका दिन स्नान ध्यान गरि कल्याणेश्वर महादेवको दर्शन गरेर यँहाबाट चार कोष पश्चिम भारतकै बिहार प्रदेशको मधुवनी जिल्लामा अवस्थित श्री गिरिजा स्थानमा डोलालाई विश्राम गराइन्छ। यहाँ आदिशक्ति सिताकी इष्ट देवि सिद्धीदायक गिरिजा बिराजमान रहेकिछिन। भक्तजनहरु पुजा पाठ दर्शन गर्दछ्न।

तृतीयाका दिन यहाँबाट साढे चार कोष पश्चिम परिक्रमा गर्दै डोला वैष्णव पिठ मठिहानी (मृत्खनी) पुग्दछ। राती यहीं विश्राम गरिन्छ। यहाँ लक्ष्मीनारायण बिराजमान रहेका छन। सीताजिको मटकोर ( बिहेको बेला माटो खन्ने विधि) यहीँबाट पवित्र माटो खनी लगिएर गरिएको थियो। यसैले यस ठाउँको नाउँ मृत्खनी हुन पुग्यो। मृत्खनिबाट नाउँ अप्रभंश हुदै मठिहानी बन्न पुग्यो। यस बैष्णव पिठमा श्री लक्ष्मीनारायणको ध्यान गरिन्छ। सिद्ध पुरुष संत तसमैया बाबा प्रति श्रद्धाभाव निष्ठा राखेर भजन किर्तन गर्दै झाँकी हेर्दै प्रवचन सुनेर रात बिताइन्छ।

भोलिपल्ट चतुर्थिका दिन मृत्खनी सरमा तथा बिरजा (बिगहि) र दुग्धमतिको संगममा स्नान गरेर लक्ष्मी नारायणको पुजा आजा गरि यहाँबाट परिक्रमा गर्दै चार कोष पश्चिम जलेश्वर स्थानमा डोलालाई विश्राम गराइन्छ। यहाँ जलभित्र समाधिष्ट रहेका जलेश्वर नाथ महादेव बिराजमान रहेका छन्।

पंचमिका दिन जलेश्वरमा रहेका विभिन्न धार्मिक तलाउमा स्नान, अभिशेष गर्दै जलेश्वर नाथ महादेवको दर्शन गरेर भक्तजनहरु डोला संगै परिक्रमा गर्दै यहाँबाट तीन कोष उत्तर मडइ स्थानमा विश्राम गर्दछन्। भनिन्छ राजा जनकको यज्ञ गर्ने मण्डप र माण्डब्य ऋृषिको आश्रम यही थियो। माण्डब्य ऋृषिको आश्रम यहीं भएकोले गाउँको नाउँ मडैइ हुन गएको हो। यहाँ प्राचीन पुरातात्त्विक महत्वका शिव मन्दिर रहेको छ। शिवको दर्शन गर्दछन। झाँकी प्रवचन कथा सुन्दै विश्राम गर्दछन।यहाँ गाउँबासीले भक्तजनहरुको भव्यताका साथ अथिती सत्कार गर्दछन।

षष्ठिका दिन माण्डब्य ऋृषिको आश्रम मडइ बाट तीन कोष उत्तर परिक्रमा गर्दै डोला धुर्वले तपस्या गरेको स्थल (तपोभुमी) धुर्व कुण्डमा विश्राम गर्दछ। यहाँ ठूल्ठूला ऋृषि मुनीहरुको तपस्या स्थल रहेको थियो। ऋृषि मुनीहरुले आफ्ना साधन स्थल यहीं बनाएका थिए। जसले गर्दा यसलाई तपोभुमी भनिन थाल्यो।यहाँ भक्त धुर्वजिको मन्दिर बिराजमन छ। यहाँ धुर्व कुण्ड छ। यस स्थल भएर रत्नावती (रातो) नदि बग्दछिन। यहाँका बन जंगलले सौन्दर्यता प्रदान गरिरहेको हुन्थ्यो। अहिले पनि केहि मात्रामा भएपनि बन जंगलहरुले सौन्दर्यता प्रदान गरिरहेका छन।

फाल्गुन सप्तमिका दिन धुर्व कुण्ड एंव रत्नावती (रातो) मा स्नान गरेर भक्त धुर्वको दर्शन गरे पश्चात् पाँच कोस उत्तर पुर्व परिक्रमा गर्दै डोला भक्तजन सहित कञ्चन बनमा विश्राम गर्न पुग्दछ। परापुर्वकालमा कञ्चन बन बिशाल थियो। यस बिशाल बन भित्र १२ प्रकार का बनहरु थिए। यस अरण्य बन भित्र रहेका कदलि बन ताल बन, तयाल बन अनार बन, केतकी बन, चम्पक बन, कुमुद बन, कदम्ब बन, लवङ्ग बन, सरोज बन, सन्तान बन, भन्ना बन, शृङ्गार बनहरुको शोभायामान क्षेत्रमा ऋृषिहरु तपस्यामा समर्पित रहन्थे। यस बन भित्र रहेका अनेकौं प्रकारका बोट बिरुवाहरुको फल-फुलहरुको सुवासले वातावरण नै सुवासमय हुन्थ्यो। आन्नदित रमणीय शान्तिमय क्षेत्र थियो। यहि बनमा हजारौं ऋृषि मुनीहरु को तपोभूमी रहेको थियो। जहाँ बेला बखतमा ऋृषिहरुको सम्मेलन हुने गद्र्थ्यो। उपनिषद्हरुको रचना पनि यसै बन भित्र भएका थियो। भनिन्छ - खुशी भएर राजा जनकले कञ्चन यहीँ लुटाएका थिए रे ! भगवान रामले संगिहरुसंग होलिकोत्सव यहिं ठाउँमा खेलेका थिए। रामको इच्छा अनुसार इच्छावति गंगा नदिको उत्पत्ति होलि मनाउनको लागी भएको थियो। यहाँ इच्छावति गंगा र बिरजा गंगाको संगम पनि छ। आज पनि यसको पानीमा रातोपन देखिन्छ। भक्तजन परिक्रमावासिहरु पनि यस स्थलमा भगवान रामले फागु खेलेको मान्यता अनुसार नचारी, भजन किर्तन गित गाएर रात रातभर धुमधामका साथ फागु खेल्दछन। यहाँ अरिकंचनको तरकारी अनिवार्य रुपले परिक्रमा वासिहरु खान्छन्।

फागुन अष्टमिका दिन यहाँबाट पाँच कोष उत्तर पुर्व परिक्रमा गर्दै श्रीक्षिरेश्वर स्थानमा डोला केही समय बिश्रामको लागी पुग्दछ। यहाँ सिद्ध श्री क्षिरेश्वरनाथ महादेव बिराजमान रहेका छ्न। क्षिरेश्वर सागर एंव जलाधी नदिमा स्नान वा मार्जन गरि श्रीक्षिरेश्वर महादेवको भक्तपुरजनहरुको दर्शन गर्दछन। यहाँबाट सोही दिन पुनः दुई कोष पुर्व दक्षिण परिक्रमा गर्दै पर्वता पुगेर डोलाले विश्राम गर्दछ। परा पुर्वकालमा यहाँ पाँचवटा पहाडको संगम स्थल थियो। जहाँ अहिले कुण्डको रूपमा रहेको छ।

नवमिका दिन यहाँ रहेको कुण्डमा स्नान गरेर पर्वता मन्दिरको दर्शन पश्चात् यहाँबाट अढाई कोस पुर्वतिर परिक्रमा गर्दै डोला धनुषाधामा विश्राम गर्दछ। यसै स्थलमा धनुष यज्ञ भएको थियो। भगवान रामले शिवका पिनाक धनुष भाँचेका थिए। सोही धनुषको एक टुक्रा धनुषा धाममा पत्थरको रुपमा बिराजमान रहेको छ। धनुष खण्डको एक छेउमा अचम्मको प्राचीन एउटा प्वाल छ। त्यसमा जति दुध पानी भरिदिएता पनि पानी माथिको प्वाल सम्म नै रहिरन्छ। मिथिला महात्म्यामा उल्लेख भए अनुसार यसको दर्शन गर्दा रामेश्वर धामको दर्शनको फल प्राप्त हुन्छ। त्रेता युगको अवशेष आज पनि यहाँ सुरक्षीत अवस्थामा रहेको छ। बन जंगलहरुले सुशोभित रहेको रमणीय धार्मिक स्थल धनुषा धाममा कुण्ड, सर, मठ, मन्दिर, नदिहरु आज पनि रहेका छन। तर बन जंगलहरु अतिक्रमणको चपेटामा परेर बिनासिने अवस्थामा पुग्दैछ। यस धनुषा धामको पुर्वतिर बालगंगा नदि बग्दछिन।

दशमीका दिन धनुषा धाममा रहेका पवित्र धार्मिक सरोबर एंव बालगंगा नदिमा स्नान तथा मार्जन गरेर अवशेषको रुपमा रहेको शिवका पिनाक धनुष लगायत मठ मन्दिरमा दर्शन गरेर भक्तजनहरु डोला संगै धनुषबाट साढे चार कोष दक्षिणमा रहेको सप्तऋृषि आश्रम सतोषर पुगेर रात्री विश्राम गर्दछन। यहाँ सप्तऋृषिहरुले तपस्या गरेका थिए। यसलाई सप्तऋृषिहरुका तपोभुमी पनि भनिन्छ। अकास पिण्डमा रहेका सप्तर्षी ताराहरु झैं समान रुपमा यहाँ सातवटा तलाउहरु सात स्थानमा रहेका छ्न। यहाँ याज्ञवल्क्य ऋृषिले पनि तपस्या गरेका थिए। याज्वल्क्य ऋृषि नित्य कमलामा स्नान गर्ने गर्थे। यहाँ राम पञ्चायतन, भैरवनाथ, शक्तिपिठ छन। कुशमाहा महादेव कुशेश्वर नाथ बिराजमान छन। धनुषाबाट कमला पुगेर स्नान गरि सतोषर पुग्दा भक्तजनहरुलाई पाँच कोष परिक्रमा गर्नुपर्ने हुन्छ।

एकादशिका दिन सतोषरवाट पाँच कोष दक्षिण औरही हरसाहा पुगेर डोलाले विश्राम गर्दछ। हर्षमुनि ऋृषिले यहिं आश्रम बनाएर बसेका थिए। यी हर्षमुनिको नाउँबाट नै हौरसाह गाउँको सम्बोधन हुन गएको हो। यहाँबाट बिमला नदि बगेकी छिन। बिमला नदिको स्नानलाई महत्वपूर्ण मानिएको छारामघाटमा रक्तमाला देवीको पुजा भगवान रामले गरेका थिए। सीता अयोध्या जाँदा यसै स्थानमा रुकेकी थिइन। यस दिन एकादशी तिथि पर्ने भएकोले परिक्रमा गर्ने सबैले एकादशी व्रत गर्दछन। भगवानलाई पुजा पाठ भोग राग गराएर साँझ पख विभिन्न प्रकारका फलफूल परिक्रमा वासिले फलाहार गर्ने गर्छ्न।

द्ववादशिका दिन अढाई कोस दक्षिण परिक्रमा गर्दै डोला भक्तजनहरुको साथ भारतको बिहार राज्यको करुणामा विश्राम गर्न पुग्छ। यहाँ कौन्डिल ऋृषिको आश्रम थियो। कौन्डिल ऋृषिको आश्रमबाट नै यस ठाउँको नाँउ करुणा पर्न गयो। भगवान राम लक्ष्मणको ऋृषि विस्वामित्रसंगै जनकपुर धाम पुग्नु भन्दा पुर्व कौन्डिल्य ऋृषिका आश्रममा विश्राम भएको थियो। हरिहर बाबाको आश्रम नजिक रहेका राम सर कुण्डमा स्नान गरि पुजा गरेका थिए। भक्तजनहरु स्नान गरेर राम लक्ष्मणका ध्यान जप गर्दछ्न।

फागुन त्रयोदशिका दिन करुणाबाट पुनः कल्याणेश्वर (कलना) पुगेर महादेवको दर्शन गरेर संकल्प पुरा गरेर त्यहाँबाट अढाई कोष पश्चिम उत्तर भारतको बिसौलमा रात्रि बिश्राम गरिन्छ। यहाँ बिश्वामित्र ऋृषिले विश्राम गरेका थिए। बिस्वामित्र ऋृषिको संगै राम सिताको भव्य मन्दिर यहाँ रहेको छ। भक्तजनहरु यस दिन यस स्थलमा करि र बेसनको बढी खाने गर्दछन्।

फागुन चतुरदर्शिका दिन यहाँबाट छ्व कोष उत्तर जनकपुरधामकालागी डोला प्रस्थान गर्दछ।

उक्त डोला जनकपुरधामको गंगा सागरको पश्चिममा भक्तजनहरुको दर्शानार्थ राखिन्छ। उक्त दिन गंगा सागरको डिलमा विश्राम गरेर भोलिपल्ट पुर्णिमाका दिन डोला सँगै पन्द्र दिने परिक्रमाका भक्तजन अनिवार्य रूपमा अन्तर गृह परिक्रमा अर्थात नगर परिक्रमा गद्र्छ्न र डोलाहरुलाई आ-आफ्ना स्थानमा पुर्याएर पन्द्र दिनको परिक्रमाको समापन गर्छ्न।

**अन्तगृह परिक्रमा :**

यो परिक्रमा जुन भक्तजनहरुले अरु परिक्रमा गर्न सकेनन तिनीहरु यो परिक्रमा गर्ने गर्छ्न। यो परिक्रमा गर्दा गंगा सागर लगायत विभिन्न यहाँ रहेका धार्मिक सरहरुमा स्नान वा सेचन गर्दै राम जानकी मन्दिर एंव विभिन्न देवी देवताको मन्दिरमा दर्शन गरेर कदम चौकमा पुग्दछन। त्यहाँ एउटा निशानी (पत्थर ) राखेर सीतारामको भजन गर्दै मार्गमा पर्ने तलाउ सर कुण्डहरुको सेचन गर्दै मार्गमा रहेका देवी देवताको दर्शन गर्दै अन्तमा पुनः कदम चौकमा पुगेर आफुले राखेको निशानी (पत्थर ) हटाए पश्चात् लक्ष्मण सागरमा सेचन गरेर लक्ष्मण अखाडामा गदाको दर्शन गरेर सो स्थानको धुलो उडाएर परिक्रमा समापन गरिन्छ।

बृहत र मध्यमा परिक्रमा गर्नेहरुले अनिवार्य रुपमा यो अन्तरगृह परिक्रमा गर्ने गर्छन। मिथिलाको परिक्रमा गर्नाले पशुपति नाथ, मुक्तिक्षेत्र, बैधनाथ धाम, हरिद्वार, द्वारिका, बृन्दावन, मथुरा, प्रयाग, कोसि, बद्री, गंगा, जग्गानाथपुरी, रामेश्वरम, कुरुक्षेत्र आदि क्षेत्रमा वर्षौं गरेका बास, पुजा धर्म कर्मले जुन फल प्राप्त हुन्छ सोही फल प्राप्त गर्दछ्न।

# चलचित्रमा नयाँ पुस्ता र 'होस्टेल'को प्रयोग

**भेषराज कार्की**

निर्माणको संख्यात्मक वृद्धि, बढ्दो लगानी तथा राम्रो पारिश्रमिकका कारण चलचित्रप्रति आकर्षण बढेको पाइन्छ। सोही कारण बेलाबखतमा यस क्षेत्रमा नयाँ अनुहारको आवश्यकता खड्किने गर्छ। एक दशकअघि देखि नयाँ पुस्ताका रूपमा प्रदीप खड्का, अनमोल केसी, सलोन बस्नेतको आगमन भएको कारण नयाँ पुस्ता चलचित्र भवनसम्म पुगे। उनीहरूले आफ्नो पुस्तालाई मुख्य कलाकारका रुपमा मात्र पाएनन्, आफ्नो कथा, लवज र जीवनशैली पनि पाए।

नेपाली चलचित्रमा नयाँ अनुहार ल्याउने श्रेय 'होस्टेल' शृङ्खलालाई जान्छ। प्रदर्शन भइसकेको 'होस्टेल' र 'होस्टेल रिट्र्न्स' बाट चलचित्रमा 'डेब्यु' गर्नुभएका अभिनेता अनमोल केसी, सलोन बस्नेत, स्वस्तिमा खड्का, नाजिर हुसेनलगायत अहिले स्थापित बनिसक्नु भएको छ। कुनै समय नयाँ कलाकारलाई चलचित्रमा ल्याउन 'होस्टेल' शृङ्खला उपयुक्त मानिन्थ्यो। तर, विविध कारणले यसको दोस्रो शृङ्खलापछि तेस्रो बन्न धेरै समय लाग्यो। 'होस्टेल रिट्र्न्स' प्रदर्शन भएको एक दशकपछि यसको तेस्रो शृङ्खला 'होस्टेल ३' तयार भएर आउँदो फागुन २३ मा प्रदर्शन हुँदैछ।

यसपटक चलचित्र निर्माण, निर्देशनदेखि अभिनय गरेका कलाकार नयाँ छन्। विशेषतः यसलाई 'नयाँ पुस्ता' को चलचित्र भन्न सकिन्छ। यस चलचित्र 'होस्टेल ३' मार्फत अभिनय यात्रा प्रारम्भ गर्नुभएका पदम तामाङ भारतको सिक्किममा बसोबास गर्नुहुन्छ। आफ्नै 'युट्युब च्यानल'मार्फत विभिन्न हास्य व्यङ्ग्यात्मक कार्यक्रम निर्माण गरिरहनुभएका तामाङले ती सब छाडेर चलचित्रमा अभिनय रोज्नुभयो। "मलाई बेलाबखतमा चलचित्रमा अभिनय गर्ने प्रस्ताव आउँथ्यो तर केहीमा कथा र केही पात्रमा आफूलाई पाउन सकेको थिइनँ। साथै, मैले निर्माण गर्ने 'कन्टेन्ट'लाई युट्युबमा दर्शकले रुचाउनु भएको थियो, मसँग जोडिएका सबैले बल्ल मेहनत फल पाउनुभएको थियो। अर्थात् हाम्रो राम्रो दिन सुरु भएको थियो। त्यही भएर ती सब छाडेर, सिक्किम छाडेर नेपाल आएर चलचित्रमा अभिनय गर्ने आँट आएको थिएन", अभिनेता तामाङले भन्नुभयो।

यद्यपि 'होस्टेल ३' बाट प्रस्ताव आएपछि उहाँका सबै सहकर्मी र परिवारले समेत नयाँ यात्रा सुरू गर्न प्रोत्साहन गर्नुभयो। सोही कारण उहाँले पुरानो परिचयलाई चट्ट छाडेर नयाँ परिचयको सुरुआत गर्नुभएको छ। यस्तै, कथा अभिनेत्री सिम्रन पन्तको पनि रहेको छ। विद्यालयमा अभिनय गर्दा कहिले एक्लै चलचित्र हेर्न समेत नपाउनुभएकी उहाँ अहिले चलचित्रमा अभिनेत्री बन्नुभएको छ।

बेलाबखतमा परिवारसँग चलचित्र भवन पुग्दा उहाँलाई खुसी मिल्ने रहेछ, सोही कारण उहाँले उच्च शिक्षासँगै कलात्मक पाटोलाई समेत बढाउँदै लानुभयो। फलतः 'अडिसन'मार्फत उहाँ अभिनेत्रीका रुपमा छानिनुभयो। "मैले अभिनयको प्रशिक्षण पनि लिएकी थिएँ। तर, यसअगाडि केही चलचित्रमा काम गर्ने तय भए तापनि त्यो बनेनन्, त्यसकारण प्रस्ताव आउनु नयाँ थिएन। होस्टेलको तेस्रो शृङ्खला बन्दैछ भन्ने थाहाँ पाएपछि म खुसी भएँ। मैले अभिनय गर्दैछु भन्ने तय भएको दिनको उत्साहलाई मैले शब्दमा बयान गर्न सक्दिन", अभिनेत्री पन्तले भन्नुभयो।

उहाँ खुसी हुनुको कारण अभिनेता तामाङ झैँ 'होस्टेल' शृङ्खलाको दर्शक भएर हो। उमेरले चालिस पुग्नुभएका कलाकारहरुको भीडमा आफ्नै पुस्तालाई चलचित्रमा पाउँदा अभिनेत्री पन्त दङ्ग पर्नुभयो। किनकि युवाको होस्टेल जीवन मात्र नभई 'टिन एज' मा आउने उतारचढाव समेत चलचित्रमा समावेश गरिएको थियो। या भनौँ तन्नेरी पुस्ताको कथा र व्यथा चलचित्रमा थियो। तेस्रो शृङ्खला अर्थात् 'होस्टेल ३' मा नयाँ पुस्तासँगै जोडिएको विषय भएपछि 'कुल ब्वाई' नामक 'टिकटकर'का रुपमा परिचय बनाउनुभएका पारसबम ठकुरी ठूलो पर्दामा अभिनय गर्न सहमत हुनुभयो।

"प्रस्ताव गरिएको पात्र आफू झैँ लाग्नाका साथै आफ्नै जस्तोको कथा लागेपछि चलचित्रमा काम गर्ने सोच बनाएको हुँ। फेरि कुनै न कुनै समयमा आफूलाई भिन्न परिचय दिनु नै थियो। म सानो क्यामेराबाट यहाँसम्म आइपुगेको छु। म परिचय फेर्न त आएको हुँ, तर धरातल नछाडेर। आफूले सपना देखियो र त्यसलाई पूरा गर्न इमान्दारिताका साथ लागियो भने निश्चय सफलता पाइन्छ भने उदाहरण बन्न सकूँ जस्तो लाग्छ", अभिनेता ठकुरीले भन्नुभयो।

उहाँलाई चलचित्रमा काम गर्न सहज लाग्नाका कारण नै आफ्नै जस्ता र उमेर समूहका कलाकार तथा प्राविधिक थिएँ। सबै नयाँ र उस्तै उमेर समूहको भएकै कारण सजिलै चलचित्र बन्यो। सामाजिक सञ्जाल वा निःशुल्क दर्शकले रुचाउनु भए तापनि ठूलो पर्दामा हेर्न आउने हो कि होइनन् भन्ने डर त सबैलाई छ। तर, आफूले गरेको कामप्रति सबै ढुक्क छन्। यसै चलचित्रमार्फत अभिनयको सुरुआत गर्ने अर्का कलाकार हुनुहुन्छ, आशिष घिमिरे। छ वर्षको उमेरदेखि हास्य टेलिशृङ्खला 'मेरी बास्सै' मा 'धुन्धुकारी' को भूमिकामा लगातार पाँच वर्षसम्म अभिनय गर्नुभएका अभिनेता घिमिरे कलाकार केदार घिमिरेका छोरा हुनुहुन्छ।

बुबा टेलिशृङ्खला र चलचित्रमा स्थापित भए तापनि अभिनेता घिमिरेले केही साङ्गीतिक श्रव्यदृश्यमा लेखक र निर्देशन समूहमा रहेर काम गर्नाका साथै आरोहण गुरुकुल नाटकघरमा नाट्यकर्मी सुनिल पोखरेलसँग अभिनय सिक्नुभयो। उहाँले केही सडक नाटक, नाट्यकर्मी पोखरेलको निर्देशनमा तयार भएको 'गच्छामि' नामक नाटक र रामभजन कामतले निर्देशन गर्नुभएको 'काल' नामक नाटकमा अभिनय गरेपछि चलचित्रमा अभिनय गर्नुभयो। "चलचित्र बन्दैछ र चाहिएको पात्र म गर्न सक्छु भन्ने लागेपछि 'अडिसन' दिएँ। निर्माण समूहले खोजे झैँ पात्र भए तापनि धेरै पटक अडिसन दिएपछि म छनोट भएको हुँ।

# चिकित्सक संघका अध्यक्षहरूबारे लेखिएको पुस्तक राष्ट्रपतिद्वारा विमोचन

काठमाण्डु । नेपाल चिकित्सक सङ्घ स्थापनाकालदेखि हालसम्म नेतृत्व गरेका ३२ अध्यक्षहरूको विषयमा लेखिएको पुस्तक 'चिकित्सक नेतृत्व' विमोचन गरिएको छ ।

सङ्घ स्थापनाको ७५ वर्षका अवसरमा मंगलबार आयोजित एक कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेलले उक्त पुस्तक विमोचन गर्नुभएको हो । पुस्तकमा सङ्घका ३२ अध्यक्षहरूको जीवनी, उहाँहरूले बढ्न थालेको छ । यो चिन्ताको विषय हो । यसलाई रोक्न सम्बद्ध पक्ष गम्भीर बन्नुपर्छ", उहाँले भन्नुभयो ।

सङ्घका अध्यक्ष डा अनिलविक्रम कार्कीले चिकित्सक सङ्घसँगै नेपालको स्वास्थ्य क्षेत्रमा योगदान गर्ने चिकित्सकको सम्मान र स्मरण दुवै हुने गरी पुस्तक प्रकाशन गरिएको बताउनुभयो ।उक्त पुस्तकको सम्पादक प्रवीण ढकालले गर्नुभएको छ ।



गरेका योगदान, सङ्घर्षलगायत विषय समेटिएका छन् ।त्यस अवसरमा राष्ट्रपति पौडेलले दक्ष एवं विज्ञ चिकित्सक नेपालमै उत्पादन हुनु र स्तरीय उपचार सेवा थालनी हुनु सुखद् पक्ष रहेको बताउनुभयो ।

उहाँले आफूले नेपालमै स्तरीय उपचार सेवाको अनुभव गरेको सुनाउनुभयो ।

राष्ट्रपति पौडेलले देशमामा पर्याप्त जनशक्ति उत्पादन भए पनि त्यसअनुसार अवसर सिर्जना नभएकामा चिन्ता व्यक्त गरर्नुभयो । "देशमा दक्ष जनशक्ति उत्पादन भइरहेका छन् तर तिनले पर्याप्त अवसर नपाएको गुनासा आइरहेका छन् । त्यसैकारण चिकित्सकहरू विदेशिने क्रम

सम्पादक ढकालले पुस्तकले सङ्घको इतिहाससँगै नेपालको चिकित्सा क्षेत्रको इतिहास संरक्षण, विकासक्रम र योगदानलाई अभिलेखीकरण गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । यसका साथै नयाँ पुस्ताका चिकित्सकलाई अग्रजहरूले गरेका काम र योगदानका विषयमा जानकारी प्रेरणा मिल्ने बताउनुभयो ।

नेपाल चिकित्सक सङ्घ विसं २००७ फागुन २० गते स्थापना भएको हो । वीर अस्पतालमा कार्यरत २० जना चिकित्सकको बैठकले सङ्घको स्थापना गरेका हुन् । सङ्घको पहिलो अध्यक्ष डा सिद्धिमणि आचार्य दीक्षित चयन हुनुभएको थियो ।रासस

# पर्यटन क्षेत्रको विकास गर्न सबैलाई असल व्यवहार गर्न जरुरी छ : गृहमन्त्री लेखक



भैरहवा । गृहमन्त्री रमेश लेखकले पर्यटन क्षेत्रको विकास गर्न सबैलाई असल व्यवहार गर्न जरुरी रहेको बताउनुभएको छ । रुपन्देहीको बेलहियास्थित अध्यागमन कार्यालयको मंगलबार एक कार्यक्रमबीच उद्घाटन गर्दै उहाँले अध्यागमन कार्यालयमा कार्यरत कर्मचारीलाई पर्यटक र आमसेवाग्राहीसँग नम्र, सरल र मिठासपूर्ण व्यवहार गर्न आग्रह गर्नुभयो ।

कर्मचारीको व्यवहारले नै मुलुकको अवस्था बताउने उल्लेख गर्दै गृहमन्त्री लेखकले सचेत भएर सौहार्द्रपूर्ण तरिकाले सेवा दिन कर्मचारीलाई निर्देशन दिनुभयो । "अध्यागमन भनेको मुलुकको ऐना हो", उहाँले भन्नुभयो, "कर्मचारीले सेवा दिँदा सभ्यता र विनम्रतापूर्वक ढङ्गले दिनुपर्छ। कहिलेकाहीँ पर्यटक र अन्य सेवाग्राही कागजी प्रक्रिया नमिलेपछि रिसाउन सक्छन् तर यस्तोबला कर्मचारी विनम्रतापूर्वक प्रस्तुत हुनुपर्छ । सेवाको भावनाले काम गर्नुपर्छ । रिसाउने र सेवाग्राहीलाई गलत व्यवहार गर्ने छुट कर्मचारीलाई छैन ।" गृहमन्त्री लेखकले यहाँ निर्माण गरिएका पूर्वाधारले रुपन्देहीको बेलहिया नाकालाई मुलुककै ठूलो नाकाका रुपमा स्थापित गरेको बताउनुभयो । मुलुकका सीमा क्षेत्रमा १३ अध्यागमन कार्यालय रहेका र ती कार्यालयले पर्यटकलाई नेपालमा घुमफिर गर्न सहज बनाएको उहाँको भनाइ थियो ।

"पछिल्ला दिनमा सबै नाकाबाट पर्यटक आगमन राम्रो पाइएको छ ।

यो ठाउँ बुद्ध जन्मस्थल भएकाले धार्मिक पयर्टनको सम्भावना छ । सरकारले पर्यटनमैत्री वातावरण बनाइरहेको छ, पर्यटकको आगमनलाई व्यवस्थित गरिरहेका छौँ", गृहमन्त्री लेखकले भन्नुभयो, "सरकारको लक्ष्य पर्यटक आगमन वृद्धि गर्ने हो । पर्यटक बढ्दा यसले मुलुकलाई आर्थिक रुपमा समृद्ध बनाउँछ ।"

नेपालीहरु संसारकै सबैभन्दा राम्रो संस्कृतिमा हुर्किएका नागरिक भएको उल्लेख गर्दै गृहमन्त्री लेखकले अध्यागमन कार्यालयमा जस्तो व्यवहार हुन्छ, नेपालबारे पर्यटकले त्यही बुझ्ने बताउनुभयो । वर्तमान सरकारले समृद्धिलाई पछ्याइरहेको उहाँको भनाइ थियो । "सरकारले भ्रष्टाचार नियन्त्रण गर्ने, सुशासन कायम गर्ने तथा लगानी र व्यवसायीमैत्री वातावरण बनाउने काम गरिरहेको छ", गृहमन्त्री लेखकले भन्नुभयो, "परिणाम तत्कालै नदेखिए पनि विस्तारै नतिजा आउँछ ।" सरकारले संविधानको रक्षा गर्दै मुलुकमा दिगो शान्ति, विकास र समृद्धिलाई प्राथमिकतामा राखेर काम गरिरहेको उहाँको भनाइ थियो ।


पछिल्लो समय मुलुकको अर्थतन्त्रमा राम्रा सङ्केतहरु देखापरेको गृहमन्त्री लेखकले बताउनुभयो । "सरकारका कामको निजी क्षेत्रबाट प्रशंसा भएको छ । हामीले अर्थतन्त्रमा देखिएका समस्या हल गर्न केही अध्यादेश जारी गरेका छौँ, ती अध्यादेशमा समेटिएका विषयवस्तुको सबैले प्रशंसा गर्दै छिटो कार्यान्वयनमा लैजानुपर्ने सुझाव दिएका छन्", उहाँले भन्नुभयो । गृहमन्त्री लेखकले अध्यादेश केही समयमै पारित हुने र आर्थिक क्षेत्रमा थप सुधार आउने दाबी गर्नुभयो ।

सोही कार्यक्रममा सिद्धार्थनगर नगरपालिकाका प्रमुख इशितयाक अहमद खाँले लुम्बिनीको प्रवेशद्वार भएकाले यहाँको विकासमा लागिपरेको बताउनुभयो ।

सीमा क्षेत्रको सडक लामो समय नबन्दा धुलोले स्थानीय र पर्यटकलाई हैरानी भएको उहाँको भनाइ थियो ।

"यो ठाउँको विकास हुँदा मुलुकले पर्यटन क्षेत्रमा फड्को मार्नसक्ने धेरै आधार छन्", प्रमुख खाँले भन्नुभयो ।रु १० करोड २५ लाखको लागतमा उक्त कार्यालय भवन निर्माण गरिएको हो । अपाङ्गमैत्री र भूकम्प प्रतिरोधी रहेको यो भवनमा अग्नि नियन्त्रण उपकरण जडित छ ।रासस

# श्रमिकलाई न्यूनतमभन्दा कम पारिश्रमिक दिइए दण्डनीय : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै पनि बहानामा न्यूनतमभन्दा कम पारिश्रमिक दिएर श्रमिकलाई काम लगाएको पाइए दण्डनीय हुने बताउनुभएको छ ।

नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट)द्वारा मंगलबार आयोजित नेपाली ट्रेड युनियन आन्दोलनको ७८औँ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले नर्सले पनि न्यूनतम पारिश्रमिक पाइरहेका छैनन् भन्ने सुनिएको उल्लेख गर्दै कुनै पनि बहानामा न्यूनतमभन्दा कम पारिश्रमिक दिएर श्रमिकलाई काम लगाउन पाइँदैन भन्नुभयो ।

श्रमिकको मन प्रशन्न नभइकन उद्योग-व्यवसायका काम सहजरूपमा अघि बढ्न नसक्ने उल्लेख गर्दै प्रधानमन्त्री ओलीले श्रमिक रोजगारदातामा रुपान्तरण हुनसक्ने भएकाले त्यस प्रकारको वातावरण सृजना गर्नुपर्नेमा जोड दिनुभयो ।

"व्यवस्था परिवर्तनको आन्दोलनका क्रममा हाम्रा साथी मारिएका थिए, तर हाम्रा उद्देश्य मारिएका थिएनन् । हामीहरु जेल गएका थियौँ तर हाम्रा उद्देश्य जेल गएका थिएनन्", नेकपा (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले भन्नुभयो, "अब हामी परिवर्तनको मर्मअनुसार अघि बढ्नुपर्छ। हामीले अन्तरराष्ट्रिय मान्यताअनुसार संवादका माध्यमबाट सरकार, रोजगारदाता र श्रमिकलाई 'विन विन' अवस्थामा ल्याउन सक्नुपर्छ । सरकारले तटस्थ बसेर निष्पक्ष निष्कर्ष निकाल्नुपर्छ ।"

मिलेर बसेको नेपाली समाजलाई जात, धर्म र संस्कृतिका नाममा विभाजन गर्ने तथा काम गर्न खोज्नेविरुद्ध भ्रम र अवरोध सृजना गर्ने प्रवृत्तिलाई चिर्नुपर्ने उल्लेख गर्दै प्रधानमन्त्री ओलीले व्यवस्था परिवर्तनपछि विकासको क्रम बढेको स्पष्ट गर्नुभयो ।

"हामीलाई कसैको अनावश्यक विरोधसँग मतलव छैन । नचाहिने प्रदूषित कुरा हामी बोकेर हिँड्दैनौँ । हामीलाई देशको विकास र परिवर्तन गर्नुछ । विरोधका लागि विरोध गर्ने प्रवृत्ति आफै सेलाएर जान्छ । यसमा मजदूर आन्दोलन विगतदेखि नै सचेत छ भन्नेमा म विश्वस्त छु", प्रधानमन्त्री ओलीले भन्नुभयो ।हिमाल पग्लिएर मानवीय सभ्यता नै प्रभावमा पर्न थालेको सन्दर्भमा प्रधानमन्त्री ओलीले हिमालदेखि समुद्रसम्मको सुरक्षाको अवधारणाका साथ सहकार्य गर्न विश्व समुदायसँग आग्रह गर्नुभयो ।

'सेभ द हिमालय-प्रोटेक्टिङ राइट्स अफ वर्कर्स' विषयमा विमर्श समेत गरिएको उक्त कार्यक्रममा प्रधानमन्त्रीका मुख्य सल्लाहकार एवं जिफन्टका पूर्व अध्यक्ष विष्णुप्रसाद रिमाल, नेकपा (एमाले) को जनसङ्गठन संयन्त्रका प्रमुख भानुभक्त ढकाल, संयुक्त ट्रेड युनियन समन्वय समितिका अध्यक्ष जगत सिंह डा, अन्तर्राष्ट्रिय श्रम सङ्गठनका नेपालस्थित राष्ट्रिय निर्देशकलगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# श्रममन्त्री भण्डारीसँग जापानी राजदूतको शिष्टाचार भेट

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीसँग नेपालका लागि जापानी राजदूत माएदा तोरुले शिष्टाचार भेट गर्नुभएको छ ।

मंगलबार मन्त्रालयमा भएको भेटमा नेपाल र जापानबीच भएको आपसी समझदारी एवं श्रम सम्झौताको कार्यान्वयनका विविध पक्षमा छलफल भएको मन्त्रालयका प्रवक्ता डण्डुराज पाण्डेले जानकारी दिनुभयो ।

उहाँका अनुसार नेपालबाट जापान पुगी कार्यरत रहेका नेपाली कामदारहरुको सेवा, सुविधा र सुरक्षालगायतका विषयमा मन्त्री भण्डारीले चासो राख्नुभएको थियो ।

यसै गरी जापान सरकारको मागबमोजिम पठाइने दक्ष सीपयुक्त कामदारको सन्दर्भमा दुवै पक्षबीच छलफल गरी यथाशीघ्र निष्कर्षमा पुऱ्याउनुपर्ने विषयमा समेत दुवै पक्षबीच छलफल भएको थियो ।रासस


नेपाल सरकार

शहरी विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

## संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय

धनुषा, जनकपुरधाम

## बोलपत्र स्वीकृतिको आशय सम्वन्धि सूचना

प्रकाशन मितिः २०८१।११।२१

यस कार्यालयवाट प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरु स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Work | Name and address of bidder | Bid amount with Ps & (w/o VAT) |
|---|---|---|---|---|
| 1. | FPIU/Dhanusha/ Works/NCB/82–2081/82 | Road Construction Work for Integrated Urban Infrastructure Development works in Hariwon Municipality, Sarlahi. | R.K.Construction, Manpur-3, Sarlahi | 3,90,10,820.42 |

कार्यालय प्रमुख



## औरही गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देउरी परवाहा, धनुषा

मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृतका लागि आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/११/२१

यस कार्यालयबाट मिति २०८१/०९/०१ गतेमा E–Bidding तथा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्काको बोलपत्र आव्हान गरिएको तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन , २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको विवरण | स्वीकृतको लागि छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम ( खुद्रा र एक सहित ) |
|---|---|---|---|---|
| १ | 01/NCB/ WORKS/ ARM/081/82 | Adhuro Wada Karyalay Bhawan Nirman Karya at Deuri,Aurahi Ga Pa-2,dhanusha, Madhesh Pradesh, Nepal | Akriti Nirman Sewa Pvt.Ltd, Ganeshtol Municipality-07 (Dakshindhoka), Kathmandu | 21,73,733.37/- (in words : Twenty one lakh seventy three thousand seven hundred thirty three rupees and thirty seven paisa only.)` |

प्रमुख प्रशासकीय अधिकृत



## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/११/२१ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

### तपसिल

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : रमाईलो कृषि तथा पशुपंछी फर्म**<br>बर्दिबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बर्दिबास, महोत्तरी, प्रदेश नं. २, नेपाल<br>दर्ता नं. १६३७, दर्ता मिति : २०७७/११/२०, पान नं. ६१५३९८८७१, दर्ता मिति : २०७७/११/२०<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ५, **संचालक : उमा कुमारी देवकोटा** |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : उमा कुमारी देवकोटा**<br>ना.प्र.नं. १८-२-०७४/१३६५, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७२/१०/१५<br>पतिको नाम : लेखनाथ देवकोटा<br>ससुराको नाम : रुद्रलाल देवकोटा<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. १२<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ५, टुटेश्वर |
| | **२. नाम : लेखनाथ देवकोटा**<br>ना.प्र.नं. १८३०७६/१५४९, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/०९<br>बाबुको नाम : रुद्रलाल देवकोटा<br>बाजेको नाम : बिष्णुहरि देवकोटा<br>ठेगाना : महोत्तरी जिल्ला, माईस्थान वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ५, टुटेश्वर |
| | **३. नाम : नर कुमारी देवकोटा**<br>ना.प्र.नं. ५३३/१७२९, जि.प्र.का. सिन्धुली, जारी मिति : २०४५/०१/०९<br>पतिको नाम : रुद्रलाल देवकोटा, ससुराको नाम : बिष्णुहरि देवकोटा<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ५, टुटेश्वर |
| | **ऋणीको नाम, ठेगाना** |
| २. | **नाम : आदित्य टेन्ट हाउस**<br>प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोतरी<br>दर्ता नं. ८२२२/११७०/०७७/०७८, दर्ता मिति : २०७७/१२/२२, पान नं. ६१३८३१३२१, दर्ता मिति : २०७७/०६/१४<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११, खयरमारा, **संचालक : सुरेश कुमार महतो** |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : सुरेश कुमार महतो**<br>ना.प्र.नं. ०५००२६२१, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/०६/०२<br>बुवाको नाम : रघुनाथ महतो<br>बाजेको नाम : शिया शरण महतो कोइरी<br>ठेगाना : महोत्तरी जिल्ला, बेलगाछी वडा नं. ३<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११ |
| | **२. नाम : उमेश कुमार महतो**<br>ना.प्र.नं. १८-०५-७५-०२१९५, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७५/११/१९<br>बाबुको नाम : रघुनाथ महतो<br>बाजेको नाम : शिया शरण महतो कोइरी<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११ |
| | **३. नाम : राधेश्याम महतो**<br>ना.प्र.नं. ०५००२६२२, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/०६/०२<br>बाबुको नाम : रघुनाथ महतो<br>बाजेको नाम : शिया शरण महतो कोइरी<br>ठेगाना : महोत्तरी जिल्ला, बेलगाछी वडा नं. ३<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११ |
| | **४. नाम : रघुनाथ महतो**<br>ना.प्र.नं. ०५००१९७२, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५०/०१/१४<br>बाबुको नाम : शिया शरण महतो कोइरी<br>बाजेको नाम : गंगाई महतो कोईरी<br>ठेगाना : महोत्तरी जिल्ला, बेलगाछी वडा नं. ३<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११ |
| | **५. नाम : राम वतिया देवी**<br>ना.प्र.नं. १८३०७०/८९८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/१०/१८<br>पतिको नाम : रघुनाथ महतो<br>ससुराको नाम : शिया शरण महतो कोइरी<br>ठेगाना : महोत्तरी जिल्ला, बेलगाछी वडा नं. ३<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११ |
| | **६. नाम : चुनि कुमारी कुशवाहा**<br>ना.प्र.नं. १८३०७०/४४, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७०/०२/१३<br>पतिको नाम : राधेश्याम महतो<br>ससुराको नाम : रघुनाथ महतो<br>ठेगाना : महोत्तरी जिल्ला, बेलगाछी वडा नं. ३<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११ |
| | **७. नाम : अनिता कुमारी महतो**<br>ना.प्र.नं. १८३०७०/४, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७०/०२/१२<br>पतिको नाम : सुरेश कुमार महतो, ससुराको नाम : रघुनाथ महतो<br>ठेगाना : महोत्तरी जिल्ला, बेलगाछी वडा नं. ३, हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ११ |
| | **धितोको विवरण** |
| | रघुनाथ महतोको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, खयरमारा वडा न. ४/४ क स्थित कित्ता नं. ६१२ र ६१४ को क्षेत्रफल क्रमशः ०-१-९-० र ०-०-११-० भएको जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# जेलेन्स्कीसँगाको झगडापछि युक्रेनलाई सहायता रोक्दै ट्रम्प

एएफपी

वासिङ्टन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनलाई सैन्य सहायता स्थगित गर्नुभएको छ । उहाँले किएभलाई रुससँग शान्ति वार्तामा सहमत हुन दबाब दिनुभएको छ र युरोपलाई आफ्नो रक्षा बढाउन आठ खर्ब युरोको योजना सार्वजनिक गर्न प्रेरित गर्नुभएको छ।

यो कदम युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्की र ट्रम्पबीचको आश्चर्यजनक सार्वजनिक झडपको केही दिनपछि आएको हो । ट्रम्पले युद्धलाई चाँडै अन्त्य गर्न खोजिरहनुभएको छ।

**ट्रम्पले जेलेन्स्कीको अवज्ञालाई अब “धेरै सहन” नसक्ने चेतावनी दिनुभएको छ र युक्रेनी नेताले अमेरिकी समर्थनका लागि “बढी आभारी” हुनुपर्ने बताउनुभएको छ ।**



क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले अमेरिका-युक्रेन सहायता निलम्बन ‘शान्तिका लागि सबैभन्दा राम्रो योगदान’ हो भन्दै यसले किएभ शासनलाई शान्ति प्रक्रियामा धकेल्न सक्ने बताउनुभएको छ ।अमेरिकी हतियारहरूको आपूर्तिमा कुनै पनि अवरोधले युद्ध क्षेत्रमा युक्रेनको रुसी आक्रमणलाई पछाडि धकेल्ने सम्भावनालाई तुरुन्तै कमजोर बनाउनेछ ।यसअघि सोमबार पत्रकारहरूले सोधपुछ गर्दा ट्रम्पले रोक लगाउन अस्वीकार गर्नुभएको थियो तर ह्वाइट हाउसका एक अधिकारीले नाम नछाप्ने सर्तमा सहायता रोकिने बताए।

“राष्ट्रपतिले आफू शान्तिमा केन्द्रित रहेको स्पष्ट पार्नुभएको छ। हामीलाई हाम्रा साझेदारहरू पनि त्यो लक्ष्यप्रति प्रतिबद्ध हुन आवश्यक छ”, ह्वाइट हाउसका अधिकारीले सोमबार बेलुका भने, “यसले समाधानमा योगदान गरिरहेको छ भनेर सुनिश्चित गर्न हामी हाम्रो सहायता रोकिरहेका छौं र समीक्षा गर्दैछौं ।”युरोपेली आयोगका प्रमुख उर्सुला भोन डेर लेयनले केही घण्टापछि युरोपको रक्षाका लागि करिब आठ खर्ब युरो जुटाउने र युक्रेनलाई ‘ तत्काल’ सैन्य सहयोग उपलब्ध गराउन सहयोग गर्ने पाँच भागको योजना प्रस्तुत गर्नुभयो ।

“यो युरोपका लागि एक महत्त्वपूर्ण समय हो र हामी तयार छौँ”, लेयेनले ब्रसेल्समा मङ्गलबार बिहान घोषणा गर्दै भन्नुभयो ।निलम्बनपछि बेलायतले पनि युक्रेनलाई आफ्नो समर्थन गर्ने प्रतिबद्धता जनाएको छ । प्रधानमन्त्री किर स्टार्मरले युक्रेनमा शान्ति सुनिश्चित गर्न ‘लेजर-केन्द्रित’ भएको उहाँका सहायक एन्जेला रेनरले बताउनुभयो।

**विनाशकारी**

वासिङ्टनमा कांग्रेसका डेमोक्रेटहरूले तुरुन्तै यो निलम्बनलाई खतरनाक र गैरकानूनी भएको आरोप लगाए ।“मेरा रिपब्लिकन सहकर्मीहरूले पुटिनलाई युद्ध अपराधी भनेका छन् र युक्रेनलाई निरन्तर समर्थन गर्ने वचन दिएका छन्, उनीहरूले राष्ट्रपति ट्रम्पलाई यो विनाशकारी र गैरकानूनी रोकावटलाई तुरुन्त हटाउन माग गर्नुपर्छ”, सदनको विदेश मामिला समितिका शीर्ष डेमोक्रेट ग्रेगरी मिक्सले भन्नुभयो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले किएभलाई सैन्य सहायता स्थगित गर्ने निर्णय गरेपछि मङ्गलबार युक्रेनीहरूले आश्चर्य व्यक्त गर्दै यो कदम क्रेमलिनको हातमा गएको बताएका छन् ।वासिङ्टनले किएभलाई सैन्य सहायता रोकेको बेला उत्तर कोरिया र इरानले रुसलाई सैन्य सहायता नरोकेको युक्रेनी मिडिया टिप्पणीकार डेनिस काजान्स्कीले बताउनुभयो।

ट्रम्पले जेलेन्स्कीको अवज्ञालाई अब ‘धेरै सहन’ नसक्ने चेतावनी दिनुभएको छ र युक्रेनी नेताले अमेरिकी समर्थनका लागि ‘बढी आभारी’ हुनुपर्ने बताउनुभएको छ।

ह्वाइट हाउसमा बोल्दै ट्रम्पले मस्कोसँग युद्धविराम सम्झौताबिना जेलेन्स्की ‘धेरै लामो समयसम्म रहनु हुनेछैन’ भन्नुभयो । न्युयोर्क टाइम्सका अनुसार यो रोक तुरुन्तै लागू भएको छ र युक्रेनलाई पठाइने सयौँ करोड डलरका हतियारहरूलाई असर गरेको छ।जेलेन्स्कीले आफ्नो तर्फबाट सोमबार युद्ध ‘एकदमै चाँडो’ अन्त्य गर्न खोजिरहेको बताउनुभयो।

जेलेन्स्कीले सन् २०१४ मा युक्रेनमा आक्रमण गरी सन् २०२२ मा द्वन्द्व विस्तार गरेको रुसलाई शान्तिका लागि गम्भीर नभएको आरोप लगाउनुभएपछि उक्त टिप्पणी आएको हो। उहाँले कडा सुरक्षा ग्यारेन्टी युद्ध अन्त्य गर्ने एक मात्र उपाय हो भनी जोड दिनुभयो ।तर ट्रम्पको स्थितिले अमेरिकाको युक्रेन समर्थनलाई उल्टो पारेको छ र वासिङ्टनका सहयोगीहरू व्यापक रूपमा चिन्तित छन् । साथै उनीहरू रुसतर्फ अमेरिका घुमिरहेको सम्भावनाप्रति सतर्क छन्।

लन्डनमा सप्ताहन्तको सङ्कट वार्तापछि बेलायत र फ्रान्सले ‘हावामा, समुद्रमा र ऊर्जा पूर्वाधारमा’ एक महिनाको युक्रेन-रुस युद्धविराम कसरी प्रस्ताव गर्ने भन्नेबारे अनुसन्धान गरिरहेका छन् ।“छलफलहरू अझै पनि ‘पहिलो चरण’ मा केन्द्रित छन्”, जेलेन्स्कीले भन्नुभयो, “युद्ध समाप्त गर्ने सम्झौता धेरै, धेरै टाढा छ ।” उहाँको यस्तो टिप्पणीले ट्रम्पलाई क्रुद्ध बनाएको थियो।

जमिनमा युक्रेनी अधिकारीहरूले मोर्चाबाट करिब १३० किलोमिटरको दूरीमा एक सैन्य तालिम सुविधामाथि रुसी मिसाइल आक्रमणबाट मृत्यु भएको रिपोर्ट गरेका छन् ।युद्धका कारण मार्सल लले कुनै पनि मतदानलाई निषेध गरे तापनि ट्रम्पले यसअघि सन् २०१९ देखि राष्ट्रपति रहेका जेलेन्स्कीलाई चुनाव नगर्ने ‘तानाशाह’ भन्नुभएको थियो।

जेलेन्स्कीले राजीनामा गर्न आउने दबावलाई खारेज गर्नुभयो र युक्रेनलाई नाटो सदस्यता दिएमा मात्र त्यसो गर्ने आफ्नो वाचा दोहोऱ्याउनुभयो।

युक्रेनको नाटो प्रवेशलाई रुस र अब ट्रम्प नेतृत्वको संयुक्त राज्य अमेरिकाले विरोध गरेका छन् ।अमेरिका र रुसी अधिकारीहरूले युद्धको अन्त्यका लागि वार्ता गरेका छन्। किएभ र युरोप आफूहरूलाई छेउमा पारिएको भन्दै आक्रोशित भएका छन् र कुनै पनि सम्झौताले युक्रेनको भविष्यलाई खतरामा पार्न सक्ने डर उत्पन्न गरेको छ।

# नेपालमा फुटबल प्रशिक्षण दिने प्रतिष्ठान खोल्ने बुफोनको ‘इच्छा’



बीबीसी

काठमाण्डु । इटलीका विश्वप्रसिद्ध फुटबल खेलाडी जियान्लुइजि बुफोन नेपाल भ्रमण सकेर स्वदेश फर्किएका छन्।पत्नी इलारिया डि'अमिकोसँग आइतवार काठमाण्डू आइपुगेका बुफोनले पहिला सञ्चारकर्मीहरूसँग भेट गरे। उनी सोही दिन साँझ उद्यमी र व्यावसायिक फुटबल क्लबसँग 'मीट एन्ड ग्रीट' कार्यक्रममा उपस्थित भए।

बुफोन दम्पतीले सोमवार बिहान प्रधानमन्त्री केपी शर्मा ओलीसँग 'ब्रेकफास्ट' गरे। त्यसपछि उनीहरू विश्व सम्पदा सूचीमा रहेका वसन्तपुर दरबार क्षेत्र र बौद्ध घुम्न गए। दिउँसो दशरथ रङ्गशाला पुगेर 'केपी ओली कप'को फाइनल खेल हेरे। सन् २००६ मा विश्वकप विजेता इटलीका कप्तान तथा गोलरक्षक बुफोन राष्ट्रिय युवा सङ्घ नेपालको विशेष निम्तोमा उक्त प्रतियोगिताको फाइनल खेल हेर्न नेपाल आएका थिए। दुई दिनको धपेडीपछि बुफोन मङ्गलवार बिहानै स्वदेश फर्किए। नेपालबाट छोड्नुअघि उनले यहाँ आफूले केही कुरा नजिकबाट महसुस गरेको बताए। पहिलो, नेपाली समर्थकहरूको “फुटबलप्रतिको मोह“। दोस्रो, नेपालमा “आफूले सोचेभन्दा धेरै प्रशंसकहरू“। सोमवार दशरथ रङ्गशालामा दर्शकहरूले “बुफोन... बुफोन...“ भनेको सुन्दा छक्क परेका उनले भने, “नेपालमा मेरा प्रशंसकहरू छन् भन्ने त थियो तर यति धेरै होलान् भन्ने चाहिँ विश्वासै लागेन।“नेपाली खेलाडीको फुटबल स्तर देखेर पनि उनी निकै प्रभावित भए।

**नेपालमा प्रशिक्षण प्रतिष्ठान खोल्ने इच्छा**

राष्ट्रिय युवा सङ्घ नेपालका उपाध्यक्ष तथा प्रवक्ता कृष्णहरि केसीका अनुसार नेपाली फुटबलबाट निकै प्रभावित बनेका बुफोनले इटली फर्किनुअघि भने, “नेपालमा 'बुफोन अक्याडमी' खोल्ने मेरो इच्छा छ।“

इटलीको राष्ट्रिय टोलीमा २६ वर्ष टिकेका बुफोनले १७१ वटा अन्तर्राष्ट्रिय म्याच खेले। उनी १,१०० वटाभन्दा बढी व्यावसायिक फुटबल खेलमा सहभागी भए। उनी विश्वका महान् गोलकीपरहरूको सूचीमा पर्छन्। सोमवार मच्छिन्द्र क्लबले त्रिभुवन आर्मी क्लबलाई हराएर लगातार तेस्रो पटक उपाधि जितेको खेल हेर्दा बुफोन उत्साहित देखिन्थे। उक्त खेल हेरेपछि उनले नेपाली खेलाडीहरूको प्रदर्शनको खुलेर प्रशंसा गरे।राज्यले राम्रो लगानी गर्न सके नेपालले एशियन कप र भविष्यमा विश्वकपको यात्रा पनि तय गर्न सक्ने उनले बताए।बुफोनले कुनै राजनीतिक सङ्गठनले पनि त्यति ठूलो स्तरको प्रतियोगिता आयोजना गर्नुलाई “दुर्लभ“ भने।

नेपालमा फुटबलप्रतिको “क्रेज“ देखेर उनले गोलरक्षकहरूलाई प्रशिक्षण दिने प्रतिष्ठान खोल्ने इच्छा व्यक्त गरेका छन्। “नेपालको संस्थासँग मिलेर विशेष गरी गोलकीपर अक्याडमी खोल्ने उनले चाहना राखेका हुन्,“ राष्ट्रिय युवा सङ्घ नेपालका प्रवक्ता केसीले भने। बुफोनले प्रतियोगिताका उत्कृष्ट गोलकीपरको पुरस्कार मच्छिन्द्र क्लबका विशाल श्रेष्ठलाई प्रदान गरे। बुफोनको खेल हेरेर हुर्केका श्रेष्ठलाई बुफोनकै हातबाट पुरस्कार थाप्नु आफ्नो खेलजीवनको “अविस्मरणीय क्षण“ बन्यो।

“ उनीसँग बाहिर कतै फोटो खिचाउन सकिन्छ होला। तर उत्कृष्ट गोलकीपरको पुरस्कार बुफोनको हातबाट लिन पाउनु भनेको चाहिँ सपनाजस्तै हो,“ श्रेष्ठले भने।श्रेष्ठले राष्ट्रिय टोलीमा ठाउँ पाएनन्। तर आफ्नो गोलकीपिङ करिअरमा सम्झिन सक्ने थोरै घटनाहरूमा यो क्षण बनेको उनले बताए। छोटो र व्यस्त कार्यक्रममा नेपाल आएका बुफोनले आफू चाँडै नेपाल फर्किने बताएका छन्। वसन्तपुर दरबार क्षेत्र र बौद्ध घुम्न भ्याएका बुफोनले नेपालमा पर्यटकलाई लोभ्याउने धेरै कुरा रहेको बताए।

आयोजकले पनि बुफोनलाई स्वागत गर्न दशरथ रङ्गशालामा डाँफे र गैँडाको मस्कट डुलाएका थिए।उनले भने, “नेपाल हेर्न पुगेको छैन। अर्को पटक आउँदा डाँफे गैँडा र हिमाल हेर्ने छु।“उनले केपी ओली कपजस्ता प्रतियोगिता निरन्तर हुनुपर्ने सुझाव पनि दिए।“ यस्ता प्रतियोगिताहरू नियमित रूपमा हुन सके भने मात्र फुटबल व्यावसायिक हुन्छ। कहिलेकाहीँ मात्र भयो चाहिँ मनोरञ्जन मात्रै हुन्छ।“आयोजक राष्ट्रिय युवा सङ्घ नेपालका अधिकारीहरू पनि बुफोनलाई नेपालमा ल्याउन पाउँदा खुसी देखिएका थिए। “विश्वकप उचालेको हातले केपी ओली कप पनि उचाल्यो। हामी खुसी छौँ,“ उपाध्यक्ष केसीले भने।

## शान्ति सम्झौता भएन भने युक्रेनी नेता सङ्कटमा : ट्रम्प

एएनआई

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनका युक्रेनी समकक्ष भोलोडिमिर जेलेन्स्कीबीच ओभल अफिसमा भएको मौखिक झडपपछि ट्रम्प प्रशासनले युक्रेनलाई दिँदै आएको सैन्य सहायता रोकेको छ।

ट्रम्पले शान्ति सम्झौतामा प्रगति नभए युक्रेनी नेता धेरै लामो समयसम्म बाँच्न नसक्ने चेतावनी दिनुभयो ।“यो सम्झौता पूरा गर्न त्यति गाह्रो हुनु हुँदैन । यो धेरै चाँडै गर्न सकिन्छ,” ट्रम्पले युद्धविरामको सन्दर्भमा पत्रकारहरूलाई बताउनुभयो। सोमबार ह्वाइट हाउसमा ताइवान सेमीकन्डक्टर म्यानुफ्याक्चरिङ कम्पनी (टीएसएमसी) का प्रमुख कार्यकारी सीसी वेईसँगको कार्यक्रममा ट्रम्पले युद्ध लामो समयसम्म चल्न सक्ने भन्दै जेलेन्स्कीको आलोचना गर्नुभयो।

वार्ता पुनः सुरु गर्न जेलेन्स्कीबाट के हेर्न आवश्यक छ भनेर सोध्दा ट्रम्पले भन्नुभयो,“ठीक छ, मलाई लाग्छ हामीले युक्रेनलाई युरोप भन्दा धेरै दिएका छौं र युरोपले हामी भन्दा धेरै दिनुपर्थ्यो । किनकि तपाईलाई थाहा छ, त्यो त्यहाँ अवस्थित छ। त्यो युरोपको सीमाना हो। यो युरोपको लागि धेरै महत्त्वपूर्ण थियो ।"“ठीक छ, हामीले ३५० बिलियन अमेरिकी डलर दियौं। तिनीहरूले १०० डलर दिए। तिनीहरूले यो ऋणको रूपमा सहयोग गरिरहेका छन्। यो एक सुरक्षित ऋण हो।”

ट्रम्पले गत हप्ता युक्रेन रुसविरुद्धको लडाइमा २७०० युवाहरू मारिएका बताउनुभयो। उहाँले भन्नुभयो,“म ती सबै युवाहरूलाई मारिनबाट रोक्न चाहन्छु। लडाइमा हरेक हप्ता हजारौं मारिरहेका छन्। तिनीहरूले हप्तामा हजारौं सिपाहीहरू गुमाइरहेका छन्। म यसलाई रोकिएको हेर्न चाहन्छु।”यसअघि फेब्रुअरीमा, युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले युक्रेनको लागि शान्ति र उत्तर एट्लान्टिक सन्धि गठबन्धन (नाटो) को सदस्यताको बदलामा राष्ट्रपति पदबाट राजीनामा दिन आफ्नो इच्छा व्यक्त गरेका थिए।

जेलेन्स्कीले आफ्नो आजको ध्यान युक्रेनको सुरक्षामा रहेको बताउनुभयो। माइलोभानोभले एक्समा साझा गरेको पोस्ट अनुसार, जेलेन्स्कीलाई सोधिएको थियो कि उनी शान्तिका लागि पद त्याग्न तयार छन् कि छैनन्। जवाफमा जेलेन्स्कीले भन्नुभयो,“म शान्तिका लागि पद छाड्न तयार छु।

# इन्डोनेसियाद्धारा नवीकरणीय ऊर्जा परियोजनामा ठूलो लगानी

एएफपी

ज्काता । इन्डोनेसियाले यस वर्ष करिब ४० अर्ब डलर बराबरको २० भन्दा बढी ऊर्जा परियोजना बनाउने योजना गरिरहेको छ। यसले घरेलु प्रशोधन क्षमता बढाउने ऊर्जा मन्त्रीले बताउनुभयो।

कोइलामा निर्भर इन्डोनेसिया दक्षिणपूर्वी एशियाको सबैभन्दा ठूलो अर्थतन्त्र मध्ये एक हो । राष्ट्रपति प्रबोवो सुब्यान्टोले गत वर्ष कोइला ऊर्जा उत्पादनलाई चरणबद्ध गर्न र शताब्दीको मध्यसम्ममा शून्य उत्सर्जनमा पुग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।“हामीले करिब ४० अर्ब अमेरिकी डलरको लगानीका २१ वटा आयोजना प्रस्तुत गरेका छौँ। यी परियोजनाहरू इन्डोनेसियाको अर्थतन्त्र बढाउन र तेलदेखि घरेलु क्षमतामा सुधार गरेर रोजगारी सिर्जना गर्ने ठूलो प्रयासको हिस्सा हुन् ।”

“हामी यो गर्नेछौं ताकि उत्पादनलाई वास्तवमा आयात विकल्पको रूपमा घरेलु रूपमा बजारमा ल्याउन सकियोस्,” बहलिलले बताउनुभयो ।करिब ५ लाख ब्यारेल क्षमताको तेल प्रशोधन केन्द्र र तेल भण्डारण सुविधा पनि निर्माण गरिने उहाँले बताउनुभयो । “यो स्पष्ट छ कि लगानी गुणस्तरीय रोजगारी सिर्जना गर्ने, मूल्य थप्ने र राज्यको राजस्व बढाउन र हाम्रो राष्ट्रिय आर्थिक वृद्धि गर्ने उद्देश्य हो ।”

सरकारले दानन्ताराको प्रारम्भिक बजेट २० अर्ब डलर हुने बताएको थियो ।

दानन्तारा इन्डोनेसियाको सार्वभौम सम्पत्ति कोष हो, जुन सन् २०२५ मा राज्यको स्वामित्वमा रहेको सम्पत्ति व्यवस्थापन गर्न सुरु गरिएको थियो । प्राबोवोले दानान्तारा र अन्य परियोजनाहरूको कोषमा कटौती गरेपछि गत महिना धेरै इन्डोनेसियाका सहरहरूमा विद्यार्थीहरूको नेतृत्वमा विरोध प्रदर्शन भएको थियो ।

# डोनल्ड ट्रम्पले कस्ता कर थपे, कुनकुन देश मारमा पर्न सक्छन्

बीबीसी

काठमाण्डु । क्यानडा र मेक्सिकोले गैरकानुनी आप्रवासन र अवैध फेन्टनिलको तस्करी रोक्नुपर्ने भन्दै संयुक्त राज्य अमेरिकाले मार्च ४ देखि विभिन्न वस्तुमा आयातकर लगाउन लागेको छ।अमेरिकाले यसअघि विदेशबाट ल्याइने सामानमा फेब्रुअरी महिनादेखि नयाँ कर लगाउने घोषणा गरेको थियो। तर एक महिनापछि त्यो कार्यान्वयनमा आउन लागेको छ।

अमेरिका राष्ट्रपति डोनल्ड ट्रम्पले ह्वाइट हाउसमा आफ्नो दोस्रो कार्यकाल सुरु गर्दै विदेशी वस्तुहरूमा चर्को कर लगाउने घोषणा गरेका थिए। उनले क्यानडा र मेक्सिकोले आफ्नो भूमि देश हुँदै अमेरिका प्रवेश गर्ने गैरकानुनी आप्रवासीको प्रवाह र फेन्टनिल औषधिको तस्करी नरोके ती देशबाट सामान आयात गर्दा २५ प्रतिशत कर लगाउने बताएका थिए। उनी चीन र युरोपेली सङ्घबाट भित्रिने सामानहरूमा १० प्रतिशत कर लगाउने योजनामा छन्। चीन, मेक्सिको र क्यानडा अमेरिकाका मुख्य व्यापार साझेदारहरू हुन्।

कर लगाएपछि त्यसले उनीहरूको अर्थतन्त्रलाई नराम्ररी मर्का पर्न सक्छ र अमेरिकी उपभोक्ताका लागि पनि मूल्यवृद्धि हुन सक्छ। आयातित सामानहरूमा लगाइने करलाई 'ट्यारिफ' भनिन्छ।

यस्तो कर सामान निर्यातकर्तामा नभई आयात गर्ने कम्पनीहरूमा लागु गरिन्छ र यो आयातको मूल्यको अनुपातमा हुन्छ। यदि कुनै कम्पनीले कार आयात गर्दै छ र त्यसको मूल्य ५०,००० डलर छ र त्यसमा २५ प्रतिशत कर तोकिएको छ भने प्रत्येक कार किन्नका लागि उसले थप १२,५०० डलर तिर्नुपर्छ।अन्तिममा करको आर्थिक भार कसलाई पर्छ भन्ने प्रश्न निकै जटिल छ।

यदि अमेरिकाको कम्पनीले आयात गर्दै छ र उसले करको मूल्य जो व्यक्तिले सामान किन्दै छ उसमाथि उच्च खुद्रा मूल्य तोकेर लियो भने आर्थिक भार त्यही अमेरिकी उपभोक्ताले बेहोर्नुपर्छ। डोनल्ड ट्रम्प प्रायः के बताउँछन् भने यस्तो कर लगाउँदा त्यसले अमेरिकामा घरेलु रोजगारी सिर्जना र संरक्षण गर्छ। त्यसै गरी यसले गर्दा राजस्व बढ्ने र अमेरिकी अर्थतन्त्र वृद्धि हुने उनको दाबी छ।

“मेरो योजनाअन्तर्गत, अमेरिकी कामदारहरूले आफ्नो जागिर गुम्ने चिन्ता अब गर्नुपर्दैन,“ सन् २०२४ मा चुनावी अभियानका बेला उनले भनेका थिए। “बरु, विदेशी राष्ट्रहरूले आफ्ना नागरिकको रोजगारी गुम्नेबारे चिन्ता गर्नुपर्नेछ।“ बीबीसीका आर्थिक सम्पादक फैजल इस्लामले ट्रम्पले विश्वव्यापी आर्थिक नक्सालाई बदल्न चाहेको र अमेरिकासँग चीन तथा युरोपको आयातभन्दा निर्यात बढी हुने अवस्था घटाउन चाहेको बताए। तर त्यसले “अमेरिकालाई हानि पुग्ने“ इस्लामको दृष्टिकोण छ।

ट्रम्पले राष्ट्रपतिका रूपमा सन् २०१८ मा स्टील र एल्यमिनिअममा पनि यस्तो कर लगाएका थिए र त्यसले अमेरिकाको राष्ट्रिय सुरक्षाको बचाउ गर्ने बताएका थिए। सन् २०१८ मा ट्रम्पले आयातित लुगा धुने मशीन र सोलर प्यानलहरूमा ५० प्रतिशतसम्म कर लगाएका थिए। अमेरिकी सरकारले यी दुवै सामग्रीका उत्पादकहरूले देशबाहिरबाट अन्यायपूर्ण प्रतिस्पर्धाको सामना गरिरहेको जनाएको थियो।

उनले आयातित स्टीलमा २५ प्रतिशत र एल्यमिनिअममा १० प्रतिशत कर लगाएका थिए।'नाफ्टा' भनिने 'नोर्थ अमेरिकन फ्री ट्रेड अग्रीमन्ट' अर्थात् खुला व्यापार सम्झौताका कारण मेक्सिको र क्यानडाबाट भित्रिने स्टील र एल्यमिनिअममा कर छुट दिइन्थ्यो। तर उक्त सम्झौतालाई पछि यूनाइटिड स्टेट्स मेक्सिको क्यानडा अग्रीमन्ट (यूएसएमसीए) ले प्रतिस्थापित गऱ्यो।

अमेरिकालाई सबैभन्दा धेरै स्टील निर्यात गर्नेमध्येको एक युरोपेली सङ्घले पनि जबाफस्वरूप ३ अर्ब डलरभन्दा बढी मूल्य बराबरका अमेरिकी सामग्रीको निर्यातमा कर लगायो। त्यस्ता निर्यातका वस्तुमा जिन्स, बोर्बन र हार्ली डेभिड्सन मोटरसाइकलसमेत रहेका थिए।ट्रम्पले ३६० अर्ब डलरभन्दा बढी मूल्यका चिनियाँ वस्तुहरूमा पनि कर लगाए। ती वस्तुमा मासुदेखि साङ्गीतिक वाद्यवादनका सामाग्रीसम्म पर्थे। चीनले पनि जबाफस्वरूप ११० अर्ब डलरभन्दा बढीका अमेरिकी सामानहरूमा पनि कर लगायो।

जो बाइडन राष्ट्रपति हुँदा धेरैजसो करहरू कायमै राखिए र विद्युतीय गाडीहरूमा थप कर लगाइयो। ट्रम्पले लगाएका करहरूले केही निश्चित देशहरूबाट अमेरिका आयात हुने सामग्रीको परिमाण घटायो, तर अन्य



देशहरूबाट अमेरिकाले आयात गर्ने सामग्रीको परिमाण बढायो।

सन् २०१८ अगाडि अमेरिका आयात हु मध्ये २० प्रतिशतभन्दा बढी वस्तुहरू चिनियाँ थिए। अमेरिकाको तथ्याङ्कसम्बन्धी निकायका अनुसार अहिले त्यसको मात्रा १५ प्रतिशतभन्दा कम छ।सन् २०२३ सम्ममा चीनलाई उछिनेर मेक्सिको अमेरिकामा सबैभन्दा धेरै सामान निर्यात गर्ने देश बनेको छ। अहिले उसले अमेरिकामा ४७६ अर्ब डलरको सामान निर्यात गर्छ जबकि चीनले भने ४२७ अर्ब डलर मात्रै निर्यात गर्छ। खास गरी धेरै कार निर्माता कम्पनीहरूले अमेरिकासँगको खुला व्यापार सम्झौताको फाइदा लिन र निर्माणका लागि पनि कम लागत पर्ने भएका कारण आफ्नो निर्माण मेक्सिकोमा सारेका थिए।सन् २०२३ मा मेक्सिको गाडी बनाउने विश्वको सातौँ ठूलो देश बनेको छ। ट्रम्पले चीनमा चर्को कर लगाएपछि पूर्वी एशियाका देशहरूले अमेरिकामा गर्ने निर्यात पनि बढ्यो।अमेरिकी उपभोक्ताहरूलाई चिनियाँ सामानहरूभन्दा ती देशमा सामानहरू सस्तो परेका कारण पनि त्यस्तो भएको हो। अर्को कारण भनेको थुप्रै चिनियाँ कम्पनीहरूले अमेरिकी कर छल्न आफ्नो कम्पनी पूर्वी एशियाका अन्य देशहरूमा सारे । 'यूएस ट्रेड रेप्रिजेन्टटिभ'को तथ्याङ्कअनुसार इन्डोनेशिया, फिलिपिन्स, थाईल्यान्ड र भियतनामसमेत सामेल रहेको व्यापार समूह 'आसिआन'बाट सन् २०१६ मा अमेरिकामा १५८ अर्ब डलर बराबरको सामान निर्यात भएको थियो। तर सन् २०२३ मा त्यहाँबाट झन्डै ३३८ अर्ब डलर बराबरको निर्यात भएको छ। “सन् २०१८ मा लगाइएको करका कारण सबैभन्दा बढी मार परेको देश चीन हो,“ यूकेमा रहेको यूनिभर्सिटी अफ ससेक्सका अर्थशास्त्री डाक्टर निकोलो टाम्बेरीले भने । “मलाई लाग्छ त्यो चरणमा लगाइएको करका कारण सम्भवतः सबैभन्दा बढी फाइदा भियतनामले लियो।“पिटर्सन इन्स्टिट्यूट फर इन्टर्न्याशनल ईकनोमिक्सका अनुसार कर लगाइएपछि अमेरिकामा स्टील र एल्यमिनिअमको उत्पादन बढ्यो तर सँगै धातुको भाउ पनि बढ्यो। परिणामस्वरूप अन्य निर्माण उद्योगहरूमा हजारौँ मानिसको जागिर गुमेको उसले जनाएको छ।

पिटर्सन इन्स्टिट्यूटले ट्रम्पको कर लगाउने निर्णयले सबैतिर मूल्य बढेको र अमेरिकी उपभोक्ताहरू सबैभन्दा मारमा परेको जनाएको हो। अमेरिकाका वाणिज्यमन्त्री हावर्ड लट्निकका अनुसार मार्च ४ देखि क्यानडा र मेक्सिकोबाट आउने सामानमा आयातकर लाग्ने छ। सीमा सुरक्षामा सुधार गर्न ती देशलाई एक महिनाको समय दिइएको थियो।क्यानडाबाट आयात गरिने पेट्रोलिअम पदार्थजस्ता ऊर्जाका लागि आवश्यक वस्तुमा पनि १० प्रतिशत कर लाग्ने छ।

गैरकानुनी औषधि फेन्टनिल बनाउन चाहिने पदार्थ चीनबाट तस्करी हुने गरेको भन्दै अमेरिकाले चिनियाँ सामानमा १० प्रतिशत कर लगाउने निर्णय गरेको थियो। चीन सरकारले त्यस्तो सामानको व्यापार रोक्नुपर्ने भन्दै ट्रम्पले मार्च ४ देखि चिनियाँ आयातमा अतिरिक्त १० प्रतिशत कर लाग्ने सक्ने बताए।चीनले अमेरिकाबाट आयात हुने कोइला, तेल, ग्यास, खेतीपातीका लागि चाहिने उपकरण र ठूला इन्जिन भएका कारमा आयातकर लगाएर अमेरिकी कदमको जबाफ दिइसकेको छ। चीनले विद्युतीय सामग्री र सैन्य उपकरण बनाउन चाहिने 'रेअर अर्थ' भनिने खनिज पदार्थ अमेरिकाबाट आयात गर्न प्रतिबन्ध लगाइसकेको छ। अमेरिकाले मार्च १२ देखि विश्वका सबै स्थानबाट आयात गरिने स्टील र एल्यमिनिअम आयातमा २५ प्रतिशत कर लगाउन लागेको छ । यो कदमबाट ब्रजिल, क्यानडा, चीन, जर्मनी, मेक्सिको, द नेदरल्यान्ड्स, दक्षिण कोरिया, भियतनामजस्ता स्टील उत्पादन गर्ने राष्ट्र र यूएई र बाहरेनजस्ता एल्युमिनिअम उत्पादकहरू मारमा पर्ने छन्।ट्रम्पले त्यसरी कर लगाउँदा अमेरिकामा स्टीलको मूल्य नबढ्ने दाबी गरेका छन्।“बरु त्यो सस्तो हुन्छ,“ उनले भने। यदि हाल चर्चामा रहेका करहरू लागु भए त्यसले खास गरी क्यानडा र मेक्सिकोको अर्थतन्त्रमा ठूलो क्षति पुग्ने यूकेमा रहेको न्याशनल इन्स्टिट्यूट अफ ईकनोमिक एन्ड सोशल रिसर्चका प्राध्यापक स्टीभन मिलर्डले बताए।

यी दुवै देश अमेरिकामा धेरै निर्भर छन्। अमेरिकाले अहिले मेक्सिकोले देशबाहिर निर्यात गर्नेमध्ये ८३ प्रतिशत वस्तुहरू खरिद गर्छ भने क्यानडाको निर्यातको ७६ प्रतिशत अमेरिका भित्रिन्छ।“क्यानडाले ठूलो मात्रामा तेल र मशीनरी अमेरिकालाई बिक्री गर्छ,“ प्राध्यापक मिलर्डले भने, “र २५ प्रतिशत कर लगाउँदा पाँच वर्षको अवधिमा उसको गार्हस्थ्य घरेलु उत्पादन ७.५ प्रतिशतले खुम्चिन्छ, त्यो असाध्यै उल्लेख्य असर हो।“

“मेक्सिकोमा २५ प्रतिशत कर लागु गरियो भने त्यहाँ कार बनाउन बनाइएका केन्द्रहरू सजिलै आफ्नै देशमा फर्किने छन्। ““करले पाँच वर्षको अवधिमा मेक्सिकोको १२.५ प्रतिशत कुल गार्हस्थ्य उत्पादन घटाउने छ यो धेरै ठूलो असर हुने छ।“ अमेरिकी थिङ्क ट्याङ्क विल्सन सेन्टरमा रहेको मेक्सिको इन्स्टिट्यूटकी लिला आबेदले मेक्सिकन कामदारका लागि अमेरिकाले दिएको कर लगाउने धम्की “विनाशकारी“ हुने बताइन्।

“करिब ५० लाख अमेरिकीको जागिर अमेरिका-मेक्सिको व्यापारमा भर पर्छ... र हालैको एउटा अध्ययनका अनुसार मेक्सिकोमा करिब १४ लाख ६० हजार मानिसको रोजगारी नर्थ अमेरिकी साझेदारहरूसँग निर्भर रहन्छ,“ उनले भनिन्। क्यानडाले बीअरदेखि घरायसी प्रयोजन तथा खेलकुदका सामग्रीसम्मका अमेरिका उत्पादनमा २५ प्रतिशत कर लगाएर जबाफ दिने धम्की दिएको छ।

# 'अकबरे खुर्सानी प्रशोधनको केन्द्र' स्थापना गरिँदै



भोजपुर । किसानको राम्रो आम्दानीको स्रोतका रूपमा रहेको 'अकबरे खुर्सानीको प्रशोधन केन्द्र' स्थापना गरिने भएको छ । किसानले उत्पादन गरेको अकबरे खुर्सानीले राम्रो मूल्य पाउने वातावरण निर्माणका लागि भोजपुरमा प्रशोधन केन्द्र स्थानपाको पहल थालिएको हो ।

किसानले उत्पादन गरेको अकबरे (डल्ले) खुर्सानीलाई गुणस्तरीय ढङ्गले भण्डारण तथा विभिन्न परिकार बनाएर आन्तरिक तथा बाह्य बजारमा पठाउने लक्ष्यले कृषि ज्ञान केन्द्रले यहाँ प्रशोधन केन्द्र स्थापनाका लागि पहल थालेको हो ।

बढी उत्पादन भएको याममा किसानले राम्रो मूल्य पाउन नसकेको गुनासो बढेपछि यहाँ नै खुर्सानीको प्रशोधन तथा भण्डारण गरेर बाह्य बजारमा पठाउने लक्ष्यले प्रशोधन केन्द्र स्थापना गर्न लागिएको हो । भोजपुरमा अकबरे खुर्सानी प्रशोधन केन्द्र स्थापनाका लागि कोशी प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालयमा कार्यक्रम माग गरेर पठाएको कृषि ज्ञान केन्द्रका प्रमुख मुकेशकुमार यादवले जानकारी दिनुभयो । मन्त्रालयबाट कार्यक्रम स्वीकृत भएर आएपछि यहाँ केन्द्र स्थापनाका काम अघि बढ्ने प्रमुख यादवले बताउनुभयो ।

"पछिल्लो समय भोजपुरका किसानको मुख्य आम्दानीको स्रोतका रूपमा अकबरे खुर्सानी रहेको छ", उहाँले भन्नुभयो, "खुर्सानीको राम्रो उत्पादन भए पनि यहाँ प्रशोधन केन्द्र नहुँदा किसानलाई समस्या छ । किसानले उत्पादन गरेको खुर्सानीको सहज बजारीकरणसँगै उत्पादित वस्तुलाई गुणस्तरीय ढङ्गले बाह्य बजार पठाउन केन्द्र स्थापनाको तयारी गरेका हौँ ।"

जिल्लामा खुर्सानीखेती गर्ने किसानको संख्या बढ्दै गएको प्रमुख यादवको भनाइ छ । यहाँ छ सय हेक्टर क्षेत्रमा व्यावसायिक रूपमा खुर्सानीखेती भइरहेको तथ्याङ्क रहेको प्रमुख यादवले जानकारी दिनुभयो ।

आगमी दिनमा क्षेत्र अझ विस्तार हुने उहाँको भनाइ छ । ज्ञान केन्द्रले बढी मात्रामा अकबरे खुर्सानीखेती हुने पौवादुङ्मा, टेम्केमैयुङ, अरुण गाउँपालिका, भोजपुर र षडानन्द नगरपालिकाका अगुवा खुर्सानी किसान, कृषि शाखा प्रमुख तथा सरोकारवाला पक्षसँग खुर्सानीखेतीमा देखिएका समस्या, यसको सम्भवना र बजारीकरणलगायत विषयमा छलफल गरेको छ । सरोकारवाला पक्षले किसानको राम्रो आम्दानीको स्रोतका रूपमा अकबरे खुर्सानी रहेकाले यहाँ प्रशोधन केन्द्र आवश्यक रहेको बताएका छन् ।

प्रशोधन केन्द्र स्थापनाका लागि कार्यालयले कार्यक्रम माग गरेकाले थप समन्वय तथा सहकार्य गर्नका लागि छ सदस्य समिति पनि गठन गरिएको छ । अरुण गाउँपालिकाका अगुवा किसान तोरण कार्कीको संयोजकत्वमा समिति गठन गरिएको हो ।

कृषि ज्ञान केन्द्रले यहाँका अधिकांश किसानको मुख्य आम्दानीको स्रोतका रूपमा रहेको अकबरे खुर्सानीको प्रवर्द्धन तथा विकासका लागि थालेको काम राम्रो रहेको पौवादुङमा गाउँपालिका किसान ध्रुव राईले बताउनुभयो ।

प्रशोधन केन्द्र स्थापनापछि यहाँका किसानलाई प्रत्यक्ष लाभ पुग्ने उहाँको भनाइ छ । विगतबाट नै यहाँ खुर्सानी प्रशोधन केन्द्र माग भइरहेको किसान राईले बताउनुभयो ।


"हामी धेरै किसानले व्यावसायिक अकबरे खुर्सानीखेती गरिरहेका छौँ", उहाँले भन्नुभयो, "उत्पादन भएको खुर्सानीको राम्रो बजारीकरण हुन सकिरहेको छैन । यहाँ नै प्रशोधन केन्द्र स्थापना भएमा खुर्सानीलाई प्रशोधन गरेर बाह्य बजारमा पठाउन सकिन्छ । यसले किसानलाई राहत पुग्छ ।"

खुर्सानी किसानको ठूलो आवश्यकताका रूपमा रहेको प्रशोधन केन्द्र स्थापनाका लागि ज्ञान केन्द्रले थालेको काममा स्थानीय तहको तर्फबाट पहलकदमी गर्ने पौवादुङ्मा-१ श्यामशिला वडाध्यक्ष राजेन्द्र तामाङले बताउनुभयो ।

अहिले यहाँ उत्पादन भएको खुर्सानी धरान विराटनगर काठमाडौँलगायत सहरमा मात्र जाने गरेको भए पनि प्रशोधन गरेर पठाएको खण्डमा विदेशमा सहज रूपमा पुग्ने वातावरण बन्ने उहाँले भन्नुभयो ।

"हामीले पनि किसानलाई खुर्सानी खेतीका लागि प्रोत्साहन गरिरहेका छौँ", उहाँले भन्नुभयो, "धेरै मात्रामा खुर्सानी उत्पादन भएमा बजारीकरणमा समस्या हुन्छ । यहाँ नै प्रशोधन गरेर बाहिर पठाउन सकियो भने किसानले राम्रो मूल्य पाउने अवस्था बन्छ । किसानको हितमा हुन गइरहेको यो काम सफल बनाउन सबैले आफ्नो तहबाट भूमिका खेल्न आवश्यक छ ।"रासस

# सिस्नोको कपडा बुनेर स्वरोजगार बन्दै महिला



हेटौँडा । जिल्लाको थाहा नगरपालिका दामनका महिला स्वरोजगार बन्ने उद्देश्यले अल्लोको कपडा बनाउन थालेका छन् । वनमा जताजतै उपलब्ध हुने अल्लोको पाटबाट कपडा बुन्ने यहाँका स्थानीय महिलाले वार्षिक कार्यतालिका बनाएर काम गरिरहेका हुन् ।

तरकारीको मौसम सकिएपछि महिला वनमा गएर अल्लो ल्याउने र पाटबाट धागो बनाएर कपडा बुन्न व्यस्त हुने गरेका छन् । अहिले यहाँका महिला अन्य जिल्लामा अल्लोको पाट निकाल्न र धागोसहित कपडा बुन्न सिकाउन पनि जान थालेका छन् ।

लामो समयसम्म अल्लोको कपडा बनाउने तालिम लिएर काम गर्दै आउनुभएकी थाहा नगरपालिकाकी रेश्मा गोपालीले केही वर्ष अगाडि दामन महिला अल्लो ह्याण्डीक्राफ्ट उद्योग दर्ता गरेर समूहमा काम गर्न सुरु गर्नुभएको बताउनुभयो । तरकारीखेतीका लागि पकेट क्षेत्र मानिने थाहा नगरकी उहाँले जग्गा हुनेका लागि खेतीपाती राम्रो भए पनि जग्गा नहुने वा थोरै हुनेका लागि आम्दानीको स्रोत खोज्न मुश्किल परेको भन्दै व्यावसायिक रूपमा अल्लोको कपडा उत्पादन सुरु गरेको जानकारी दिनुभयो ।

करिब ४० वर्षीया गोपालीले आफ्नो सबै ऊर्जा अल्लोको उद्यम उत्पादनमा लगाउने कोसिसमा रहेको जनाउँदै सुरुआती दिनमा निकै सङ्घर्ष गर्नुपरेको अनुभव सुनाउनुभयो । उहाँले भन्नुभयो, "खेती गर्न धेरै जग्गा छैन । जागिर पनि भने जस्तो नपाउने भएपछि वनमा पाइने सिस्नो जस्तै हुने अल्लोको पाटबाट कपडा बनाएर बेच्ने सपना देखेँसँगै मैले यसको तालिम लिएको थिएँ ।" उहाँका अनुसार साथ र सहयोग प्राप्त भएमा स्थानीय अल्लोलाई एउटा उचाइमा लैजाने योजना छ ।

"सिस्नो खाएको र स्वास्थ्यका लागि फाइदा हुने कुरा प्रायःसबैलाई थाहा छ तर सिस्नोबाट कपडा बनाएर लगाउँदा पनि फाइदा हुन्छ भन्ने धेरैलाई थाहा नहुनु सक्छ । वनमा छ्याप्पछ्याप्ती पाइने सिस्नो प्रजातिको अल्लोबाट कपडा बनाउने व्यावसाय सुरु गरेका छौँ । लुगामात्र होइन यसबाट बनेको मोजा र जुत्तासमेत लगाउन पाइन्छ", गोपालीले भन्नुभयो । स्थानीय कोपिला गोपालीले पनि स्वरोजगारका लागि समूहमा बसेर अल्लोको कपडा उत्पादनमा लागेको बताउनुभयो । उहाँको समूह यतिबेला त्यस क्षेत्रको जङ्गलमा पाइने सिस्नो प्रजातिको अल्लो टिप्न, चुट्न अनि कपडा बुन्न व्यस्त छ । वर्षमा तीन महिना खेतीपाती र बाँकी समय कपडा बुन्नमा खर्चिने उहाँको भनाइ छ ।

कोपिलाका अनुसार तीन किलो धागोको दशदेखि बाह्र मिटरसम्म तयारी कपडा हुन्छ । बढ्दो बजारको मागसँगै यसको उत्पादन पुऱ्याउन अझ बढी मेहनत गर्नुपर्ने उहाँको भनाइ छ । अहिले मागबमोजिमको उत्पादनका लागि जनशक्ति कम रहेको कोपिलाले बताउनुभयो । उहाँले भन्नुभयो, "कपडा बनाउन जति सजिलो छ धागो कात्न कठिन छ, अल्लोबाट धागो बनाउन जङ्गलबाट काँचो लाथ्रा ल्याउनुपर्छ ।"

पाट निकालेपछि सुकाएर ठूलो फलामे कराइमा पकाउने र त्यसपछि फेरि कमेरो माटोमा चोपेर सुकेको पाट खोलामा लगेर दोहोऱ्याएर चुट्नुपर्ने उहाँले जानकारी दिनुभयो । "यसपछि मात्र धागोको कच्चा तयार हुन्छ । त्यसैलाई चर्खाको सहायताले धागो निकालिन्छ", उहाँले भन्नुभयो ।

विसं २०६६ देखि उद्यम दर्ता गरेर समूहमा भएका महिलाले सञ्चालन गर्दै आउनुभएको यो उद्योग हाल स्थानीय 'सरकार र ग्रिन फाउण्डेशन नेपाल' नामक संस्थाको सहकार्यमा उद्यम विकास स्तरोन्नति भइरहेको थाहा-३ का वडाध्यक्ष हीरेन्द्र रायमाझीले जानकारी दिनुभयो । उहाँका अनुसार अब उद्योगमा उत्पादन बढाउनका लागि थप तालिम र भौतिक सहयोगसमेत गर्ने योजना छ ।

यस समूहले ऋषेश्वर सामुदायिक वनमा छ्यापछ्याप्ती पाइने अल्लोलाई प्रशोधन गरेर रेशा निकाली बजारमा रुचाइने आकर्षक डिजाइनमा तयार पारिएको कपडा विदेशीका लागि कोसेलीदेखि लिएर मेला, महोत्सवमा प्रदर्शनमा राखिने रायमाझीले बताउनुभयो । करिब १५ वर्ष अगाडिसम्म वनमा छ्यापछ्याप्ती पाइने अल्लोबाट कपडा बन्ला भनेर कहिल्यै नसोचको उहाँको भनाइ छ । ऋषेश्वर सामुदायिक वनको सक्रियतामा समूहका महिलाले अल्लोबाट कपडा बुन्ने सीप पाएका हुन् । सबैको सहयोगमा नमुना उत्पादन थालेका महिलाले अहिले व्यावसायिक रूपमा कपडा उत्पादन गरिरहेका छन् ।

वनमा आधारित उद्यम विकासका लागि लागिरहेको संस्था ग्रिन फाउण्डेशन नेपालले उद्यमको स्तरीकरण र बजारीकरणमा सहयोग गरिरहेको संस्थाकी कोषाध्यक्ष आरती पाठकले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामीले महिलालाई क्षमता विकासको तालिम मात्र दिएर विकास नहुने रहेछ । यसका लागि आर्थिक अवस्था सुधार गर्न आवश्यक देखियो, त्यसैले महिलालाई उद्यम विकासको अभियान चलाएका हौँ ।"वनमा आधारित उद्यमबाट महिलालाई उद्यमी बनाउन निरन्तर प्रयार गरिरहेको संस्थाकी कोषाध्यक्ष पाठकले जानकारी दिनुभयो । यसका लागि आर्थिक स्रोत र इच्छा शक्तिको आवश्यकता पर्नेमा उहाँले जोड दिनुभयो । उहाँले मकवानपुरमा वनमा आधारित छ वटा उद्यमका लागि प्रत्यक्ष र ३७ वटा उद्यमका लागि अप्रत्यक्ष रूपमा सहयोग गरिरहेको जानकारी दिनुभयो ।

अल्लोको कपडा उत्पादनले थाहाका स्थानीय महिला स्वरोजगार बन्नुका साथै आम्दानी पनि बढाइरहेका छन् । औद्योगिक व्यापार मेला, पर्यटकीय क्षेत्रका पसल तथा स्थानीय क्षेत्रमा अल्लोको कपडाको राम्रो बजार छ । स्थानीय क्षेत्रमा पनि यसको माग बढ्दो छ । महिलाहरूले अल्लोको धागो कात्ने, कपडा बुन्ने, 'मनिपर्स' बनाउने, महिला तथा पुरुषले बोक्ने झोला, स्टकोटलगायत सामग्री सिलाउँछन् ।रासस


## मालपोत कार्यालय, मौलापुर, रौतहट

### छुट जग्गा दर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सुचना

उपरोक्त सम्बन्धमा जिल्ला रौतहट साविक गा.वि.स. पिपरिया (प) वार्ड नं. ६ हाल बौधीमाई न. पा. ५ मा बस्ने मोती साह तेलीले तपसिलमा उल्लेखित जग्गामध्ये गा.वि.स. पिपरिया वाड नं. ७ ख कि.नं. २६ को ०-१-५ र कि.नं. २८ को ०-०-८ को अप्रमाणित जग्गालाई प्रमाणित गरी र बाँकी जग्गा प्रमाणित रहेकोले आफनो नाममा एकलौटी नामसारी माग गरेकोले यो सुचना प्रकाशन गरिएको छ । माग जग्गाको मोठ भिडान हुँदा गा.वि.स. पिपरिया वार्ड नं. ७ ख कि.नं. २६ को ०-१-५ र कि.नं. २८ को ०-०-८ को जग्गाको मोठ श्रेस्तामा जग्गाधनीको नाम आमा मर्दा रामकिसन साह तेली, वतन, वार्ड नं. उल्लेख नरहेको तथा यो जग्गा अप्रमाणित रही मोठ कायम रोक्का देखिदैन भने व्यहोरा लेखि आएको देखिन्छ । त्यस्तै अर्को मोठ श्रेस्तामा गा.वि.स. पिपरिया वार्ड नं. ७ख कि.न ८ को ०-२-१३ र कि.नं.१४७ को ० २- १० को जग्गा सुर्जी तेलीनि र सिमरिखिया तेलिनीको संयुक्त नाममा दर्ता रही ज.ध.को वतन पिपरिया ६ बाबु काली साह, ससुरा तपेसर साह, पति रामकिसुन साह उल्लेख रही मोठ कायम रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ,।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनी | कैफियत |
|---|---|---|---|---|---|---|
| रौतहट | पिपरिया | ७ ख | २६ | ०-१-५ | आमा मर्दा रामकिसुन साह तेली | अप्रमाणित जग्गा |
| रौतहट | पिपरिया | ७ख | २८ | ०-०-८ | आमा मर्दा रामकिसुन साह तेली | अप्रमाणित जग्गा |
| रौतहट | पिपरिया | ७ख | ८ | ०-२-१३ | सुर्जी तेलीनी र सिमरिखिया तेलिनी | प्रमाणित जग्गा |
| रौतहट | पिपरिया | ७ख | १४७ | ०-२-१० | सुर्जी तेलीनी र सिमरिखिया तेलिनी | प्रमाणित जग्गा |

माथि उल्लेखित जग्गा मध्ये गा.वि.स. पिपरिया वार्ड नं. ७ख कि.नं. २६ को ०-१- ५ र कि न २८ को ०-०-८ को जग्गा अप्रमाणित रहेकोले उक्त जग्गालाई प्रमाणित गरी नामसारी गरिदिएमा र गा.वि.स. पिपरिया वार्ड नं. ७ख कि.नं.८ को ०-२-१३ र कि.नं. १४७ को ०- २- १० को जग्गा सुजी तेलीनी समेत २ जनाको नाम दर्ता प्रमाणित रहेको सो समेत जग्गा माग निवेदन अनुसार मोती साह तेलीको नाममा एकलौटी नामसारी गरिदिएमा कसैको हक हिसामा असर पर्छ वा पर्दैनः उक्त किताहरुमा कसैको हक छ/छैन ? अरु कसैको हक लाग्ने भए आफनो प्रमाण सहित ३५ दिनभित्र यस कार्यालयमा निवेदन दिन आउनुहोला अन्यथा नियमानुसार दर्ता प्रमाणित समेत भई जग्गा नामसारी समेत भईजाने व्यहोरा यसै सुचनाद्वरा जानकारी गराईन्छ ।



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८१/११/२१ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/०८/२७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानतकर्ताको विवरण |
|---|---|
| मंगल महतोको नाति, वचकुन महतोको छोरा, धनुषा जिल्ला, बैंगाडाबर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ बस्ने **प्रमोद कुमार महतो** (ना.प्र.नं. १११८५७१६, जारि मिति २०५८/०९/२२, जि.प्र.का. धनुषा) । | वचकुन महतोको बुहारी, प्रमोद कुमार महतोको पत्नी, सिराहा जिल्ला, साविक भवानीपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ बस्ने **उषा कुमारी महतो** (ना.प्र.नं. १५-०१-७०-०६३९६, जारी मिति २०७०/०१/१७, जि.प्र.का. सिराहा) । |

**धितोको विवरण**

१. प्रमोद कुमार महतो (ना.प्र.नं. १११८५७१६, जारि मिति २०५८/०९/२२, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक बैंगाडाबर गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. १८३ को क्षेत्रफल ०-१४-१८-० (बिघा) बमोजिमको घर/जग्गा एंव सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. प्रमोद कुमार महतो (ना.प्र.नं. १११८५७१६, जारि मिति २०५८/०९/२२, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक जनकपुर न.पा. वडा नं. ८ स्थित कि.नं. ३४३ र ३७२ को क्षेत्रफल क्रमशः ०-०-०-२ र ०-०-५-३ (बिघा) बमोजिमको घर/जग्गा एंव सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/१२/०६ गते १४:०० बजे भित्र यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/१२/०७ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : जनकपुर, धनुषा
फोन : ०४१-५९०८७१
Website : www.siddharthabank.com



## धितो लिलामी गर्ने बारे ७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/११/२१ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले सिन्धुली शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दासाथै मिति २०८१/०३/१९ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सुचना र मिति २०८१/०५/२० गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना र मिति २०८१/०९/१६ गते आर्थिक दैनिक पत्रिकामा धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरुरी सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ७ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम **कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।**

**ऋणी संस्थाको नाम :** महाभारत जडिबुटी कृषि सहकारी संस्था लिमिटेड । **रजिष्टर्ड ठेगाना :** बस्तिपुर-२, सिन्धुली ।
**हालको ठेगाना :** घ्याङलेक गा.पा.-२, सिन्धुली **दर्ता नं:** ७३०/२०६४/०६५

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : भिम बहादुर स्याङतान (अध्यक्ष जमानीकर्ता)**<br>बाबु : सेते सिं स्याङतान<br>बाजे : नौमान स्याङतान<br>ना प्र नं. : ३०९५/१०७९४<br>ठेगाना : बस्तिपुर- ६, सिन्धुली | **५) नाम : सुप्रती लामा (सदस्य जमानीकर्ता)**<br>बाबु : वर्ज बहादुर लामा<br>पति : कमल कुमार वाइवा<br>ना.प्र.नं : २०३०१७/२२६<br>ठेगाना : मझुवा-८, सिन्धुली |
| **२) नाम : माया रानी योन्जन (कोषाध्यक्ष जमानीकर्ता)**<br>बाबु : चन्द्र मान घिसिङ<br>पति : शम्भु बहादुर योन्जन<br>ना.प्र.नं : २६८०/५२९६<br>ठेगाना : घ्याङलेख गा.पा.-२, सिन्धुली | **६) नाम : कर्मसिं स्याङतान (संचालक जमानीकर्ता)**<br>बाबु: बिरजीत स्याङतान<br>बाजे : राजमान स्याङतान<br>ना.प्र.नं : ९२८/२८२८<br>ठेगाना : बस्तिपुर-९, सिन्धुली |
| **३) नाम : वुध्दी मान वि.क. (सचिव जमानीकर्ता)**<br>बाबु : मंगले कामी<br>बाजे : सार्कीमान वि.क.<br>ना.प्र.नं : ९१८/६६२५<br>ठेगाना : घ्याङलेख गा.पा.-२, सिन्धुली | **७) नाम : मार्था सिजाली (संचालक जमानीकर्ता)**<br>बाबु : काजीमान सिजाली<br>बाजे : रण ब.सिजाली<br>ना.प्र.नं : २०३०२५/२५४<br>ठेगाना : घ्याङलेख गा.पा.-२, सिन्धुली |
| **४) नाम : मरिच मान वाइवा (सदस्य जमानीकर्ता)**<br>बाबु : डिल बहादुर वाइवा<br>बाजे : कुलमान वाइवा<br>ना.प्र.नं : २०८७५/४५२६<br>ठेगाना : अमले बस्तिपुर -६, सिन्धुली | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

श्री नौ मान स्याङतानको नाति श्री सेते सि स्याङतानको छोरा सिन्धुली जिल्ला बस्तिपुर गा.वि.स. वडा नं. ६ बस्ने श्री भिम बहादुर स्याङतानको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुली जिल्ला बस्तीपुर गा.वि.स. वडा नं. ९ को कित्ता नं.२७३, २६९ र २७८ को क्षेत्रफल क्रमश ०-७-०-१, ४-०-०-० र १-५-३-३ (रोपनी) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालय सिन्धुलीबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको **खाता नं.००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै सिन्धुली शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुरलगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ७ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमो बैंकको शाखा कार्यालय सिन्धुलीमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्न सकिने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेका धितोहरुको आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web : www.ncbl.coop

# ‘वर्तमान सरकार संकटको पोका बोकेर हिँड्दै’




टुडे समाचारदाता

जनकपुरधाम । नेकपा (एकीकृत समाजवादी) का सम्मानित नेता झलनाथ खनालले कुनै पनि पार्टीसंग तत्काल एकता सम्भव नरहेको बताएका छन् ।

जनकपुरधाममा मंगलबार पूर्वप्रधानमन्त्रीसमेत रहेका

> नेता खनालले सामान्य प्रक्रियाबाट ल्याउन सकिने ऐनलाई जवर्जस्ती अध्यादेशबाट ल्याउनु औचित्यहीन रहेको बताए ।

नेता खनालले तत्काल कुनै पनि राजनीतिक दलसंग एकता नहुने बताए ।

उनले अध्यादेश ल्याउनुपर्ने अवस्था नरहेको पनि बताए। नेता खनालले सामान्य प्रक्रियाबाट ल्याउन सकिने ऐनलाई जवर्जस्ती अध्यादेशबाट ल्याउनु औचित्यहीन रहेको बताए। उनले भने, ‘अध्यादेश ल्याउनकालागि विशेष परिस्थिती हुनुपर्ने हुन्छ तर अहिलेको अवस्थामा त्यस्तो नदेखिएकोले हाम्रो पार्टीले पनि यसको समर्थन गरेको छैन ।’

नेता खनालले पार्टीले तत्काल कुनै पनि पार्टीसंग एकता गर्ने पक्षमा नरहेको बताए । यद्यपि कार्यगत एकता जोसँग पनि सम्भव छ,’ खनालले भने, ‘मुद्दामा आधारित रहेर कार्यगत एकता गर्न सकिन्छ ।’ एजेण्डाको आधारमा कार्यगत एकता गर्न सकिने बताउँदै खनालले राष्ट्रियतामाथि खतरा बढेको पनि बताए । सबै वामपन्थीहरू मात्र होइन, अरु पनि किन एकताबद्ध भएर उभिन सकेका छैनन् भन्ने प्रश्न खनालले गरे ।

पार्टी भित्र फुट हुन सक्ने प्रश्नमा उनले पार्टी टुटफुट हुदै रहन्छ यसलाई कसैले रोक्न सक्दैन, सबै पार्टीहरु फुटेको अवस्था रहेकोले विभाजित भइहाल्दै भन्दैमा यो ठुलो कुरा नरहेको बताए ।

एक अर्को प्रसंगमा खनालले वर्तमान सरकार संकटको पोका बोकेर हिँडेको आरोप लगाए। जसको पछिल्लो उदाहरण केही साता अगाडि जारी गरिएको अध्यादेश रहेको बताए ।

# गौर राइस मिल्सको जग्गा बिक्री हुने

गौर राइस मिल्सको जग्गा अधिग्रहणका लागि प्रदेश सरकारबाट १५ करोड रुपैयाँ बजेट विनियोजन भए पनि कानुनी जटिलता र देशको आर्थिक संकटका कारण नगरपालिकाले सो रकम प्राप्त गर्न सकेन।



दिलीप पाण्डेय

रौतहट । रौतहटको गौर नगरपालिकाको चर्चित गौर राइस मिल्सको जग्गा अन्ततः बिक्री हुने भएको छ ।

गौरमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा नगरप्रमुख शम्भु साहले जग्गा बिक्री हुने निर्णयको बारेमा विस्तृत जानकारी गराउँदै नगरपालिकाले यस विषयमा लिएको अडान सार्वजनिक गरे । नगरप्रमुख साहका अनुसार गौर नगरपालिकाले नगरवासीहरूको हितमा काम गर्दै आएको छ तर केही तत्वहरू गलत प्रचारमा लागिरहेको बताए। गौर राइस मिल्सको जग्गा अधिग्रहण गर्न नगरपालिकाले ५ करोड रुपैयाँ विनियोजन गरिसकेको थियो तर सो रकम मात्र पर्याप्त नहुँदा संघीय तथा प्रदेश सरकारसँग थप रकमको माग गरिएको थियो ।

गौर राइस मिल्सको जग्गा अधिग्रहणका लागि प्रदेश सरकारबाट १५ करोड रुपैयाँ बजेट विनियोजन भए पनि कानुनी जटिलता र देशको आर्थिक संकटका कारण नगरपालिकाले सो रकम प्राप्त गर्न सकेन। नगरपालिकाले पटक-पटक पहल गरे पनि आवश्यक बजेट प्राप्त गर्न कठिनाइ भएपछि अन्तत वैकल्पिक समाधान खोज्नुपर्ने अवस्था आएको नगरप्रमुख साहले बताए ।

नगरपालिकाले गौर राइस मिल एण्ड फ्लोर कम्पनीका सञ्चालक समितिसँग वार्ता गरी सहमति गरेको छ। खेलमैदानको रूपमा प्रयोग भइरहेको २ बिघा १५ कठ्ठा जग्गा निशुल्क रूपमा गौर नगरपालिकाको नाममा पास गरिनेछ । मिल क्षेत्रमा रहेको सार्वजनिक सडक तथा धर्मशाला सुरक्षित गरिनेछ। बाँकी जग्गा कम्पनीलाई फुकुवा गर्ने निर्णय नगरपालिकाले गरिसकेको छ । नगरप्रमुख साहले नगरवासीलाई कुनै भ्रममा नपर्न आग्रह गर्दै नगरपालिकाले कुनै आर्थिक लगानी नगरी पूर्ण रूपमा निशुल्क रूपमा जग्गा प्राप्त गर्न लागेको स्पष्ट पारे ।

नगरप्रमुख साहले नगरवासीलाई सम्बोधन गर्दै भने हामी निशुल्क रूपमा २ विघा १५ कठ्ठा जग्गा उपहारस्वरूप प्राप्त गर्न सफल हुने उनको भनाइ छ । उनले यस्तो अवस्थामा केही विकास विरोधी तत्वहरूले गलत प्रचार गरी नगरवासीलाई भ्रमित बनाउने प्रयास गरिरहेको बताए । उनका अनुसार अदालतले पटक-पटक गौर राइस मिल्सको जग्गा फुकुवा गर्ने फैसला गरिसकेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत फुकुवा गर्ने निर्णय दिइसकेको छ । साथै मालपोत विभागले सो जग्गा रोक्का राख्नु नपर्ने भनी परिपत्र समेत गरिसकेको छ ।

नगरप्रमुख साहले भने, ‘नगरपालिकाले कानुनी रूपमा सम्भव नभएको कुनै पनि कार्य गर्ने छैन। हामीले सबै प्रक्रिया पूरा गरेर कानुनको दायराभित्र रही नगरवासीको हितमा काम गरिरहेका छौं । नगरवासीहरूले झूटो प्रचारमा पर्नु हुँदैन ।’ उनले नगरवासीलाई कुनै आर्थिक भार नपर्नेगरी नगरपालिकाले निशुल्क रूपमा जग्गा प्राप्त गर्ने कुरामा अडिग रहने प्रतिवद्धता जनाए ।

गौर राइस मिल्सको जग्गा सार्वजनिक हितका लागि प्रयोग हुनुपर्ने भन्दै विभिन्न राजनीतिक दलका नेताहरू विरोध गरिरहेका छन् । उनीहरूले सामाजिक सञ्जालमा पोस्ट गर्दै गौरको सम्पत्ति यसरी गुम्न दिन नहुने बताउँदै यसको संरक्षणका लागि जस्तोसुकै मूल्य चुकाउन तयार रहेको बताएका छन् ।

राजनीतिक दलहरूको विरोध र नगरपालिकाको निर्णयका कारण गौरमा द्वन्द्वको अवस्था सिर्जना हुने आशंका गरिएको छ । तर नगरप्रमुख साहले यस विषयमा स्पष्ट पार्दै भने नगरपालिकाले नगरवासीको हितमा मात्र काम गर्ने दाबी गरे । विरोधका कारण हाम्रो निर्णय परिवर्तन नहुने उनले बताए । गौर राइस मिल्सको जग्गा वर्षौंदेखि विवादित छ ।

# मन्त्री रहे डिप्रेसन हुने भौतिकमन्त्री यादवको दुखेसो



टुडे समाचारदाता

जनकपुरधाम । भौतिक पूर्वाधार विकासमन्त्री सरोज कुमार यादवले मधेश प्रदेशको अवस्था दयनीय रहेको प्रति आफू असन्तुष्ट रहेको बताएका छन् ।

जनकपुरधाममा आयोजित एक कार्यक्रममा बोल्दै भौतिकमन्त्री यादवले प्रदेशको अवस्था नाजुक हुँदै गएको प्रति आफू असन्तुष्ट रहेको बताए । उनले आफू मधेशको सबैभन्दा ठूलो दलको संसदीय दलको नेता पनि रहेको स्मरण गर्दै आफू अहिलेको सरकारको व्यवहारले सन्तुष्ट नरहेको बताए । उनले अहिलेकै अवस्थाबाट प्रदेश सरकार गुज्रिएमा आफू छिट्टै नै डिप्रेसन हुने दुखेसो समेत पोख्न भ्याए । उनले यदि मुख्यमन्त्री सतीशकुमार सिंहले सरकारको अवस्थामा सुधार नल्याएमा आफूहरु सरकारबाट व्याक हुने सन्देश समेत सार्वजनिक रुपमा सुनाए ।

उनले भने, ‘म आफै मन्त्री छु, तर सन्तुष्ट छैन, मन्त्री यादवले भने ‘म केही दिन अझै यही अवस्थामा मन्त्री रहे डिप्रेशनको शिकार हुन्छु जस्तो लागिरहेको छ ।’ प्रदेशको अवस्था उनले अहिले मधेश प्रदेश सरकारको अवस्था र रवैया सुधार नभए संघीयता नै धरापमा पर्न सक्ने संकेतसमेत गरे ।

उनले यहाँका राजनीतिक दलहरु दोषी रहेको आरोप लगाउँदै दलहरुमा इमान्दारिता नरहेकैले प्रदेशको हविगत भएको बताए । उनले भने, ‘यो अवस्था देखेर कति पटक मुख्यमन्त्रीजीलाई भेटेरै भनेको छु, अवस्था सुधार्न पहल गर्नुस्, नभए म मन्त्री पदबाट ब्याक हुन तयार रहेको भनेको छु ।’

भौतिकमन्त्री यादवले अघि थप्दैं भने, ‘यदि अवस्था सुधार नभए आफ्नो ठाउँमा हल्ला खल्ला गर्ने कोही अरुलाई पठाई दिन्छु समेत मुख्यमन्त्रीजीलाई भनेको छु ।’

प्रदेशको अवस्था बिग्रिदै जानुमा मात्र एक पक्षको नभइ सबै पक्षको हात रहेको उनले आरोप लगाए । भौतिकमन्त्री यादवले भने ‘पत्रकारहरुको मलाई फोन आउँछ, तपाईको मन्त्रालयबाट विज्ञापन आएन, निगेटिभ समाचार छापिदिन्छु भन्दै धम्काउँछन् ।’

# मिथिला माध्यमिकी परिक्रमाका यात्री ध्रुवकुण्डमा



टुडे समाचारदाता

जनकपुरधाम । मिथिला माध्यमिकी परिक्रमाका यात्रीहरू आज महोत्तरी गाउँपालिकाको मडईहुँदै बुधबार ध्रुवकुण्डमा पुग्ने छन् ।

सोमबार जलेश्वरमा पाँचौं दिनको विश्रामपछि डोलासहितका यात्रीहरू मिथिलाविहारी श्रीराम र किशोरीजी सीताजीका प्रतिमा संग मडई आइपुगेका छन् ।

परिक्रमा यात्रीको स्वागत महोत्तरी गाउँपालिकाका अध्यक्ष दिलीपकुमार पाण्डे र स्थानीयवासीहरुले गरेका थिए। यात्रा टोलीले आइतबार मटिहानीबाट महोत्तरी प्रवेश गरेको थियो।

महोत्तरी जिल्लामा मिथिला माध्यमिकी परिक्रमा यात्राको तेस्रो र परिक्रमा यात्रा अवधिको छैटौं दिनको विश्रामस्थल रहेको छ । जलेश्वरबाट मडईको चार किलोमिटरको दूरी तय गर्दै आएका यी यात्रीलाई मडईमा पुगेर स्थानीयबासीहरूले स्वागत गरेका छन् । मडईमा डोलासहितका यात्रीहरूको आगमनसँगै यहाँको वातावरण उत्सवमय बनेको छ । परिक्रमा मेला हेर्नका लागि ठूलो भीड जम्मा भएको थिए ।

परिक्रमा यात्रामा महोत्तरीको कुल दूरी २५ किलोमिटरमध्ये ९ किलोमिटर पूरा भएको छ । यससँगै आगामी सातौं र आठौं दिनको यात्रा क्रमशः ध्रुवकुण्ड र कञ्चनवनमा विश्राम गर्नेछन् ।

धनुषाको कचुरीस्थित मिथिलाबिहारी मन्दिरबाट फागुन औंसीका दिन शुरु भएको १५ दिने डोलायात्रामा धनुषा, महोत्तरी र भारतको मधुवनी जिल्लासम्मको यात्रा गरिन्छ । यस यात्रा मार्गमा १३३ किलोमिटरको वृतभित्रको यात्रा तय गरिन्छ। महोत्तरी जिल्लामा परिक्रमाका पाँच रात्रिबासको परम्परा छ भने धनुषा र मधुवनीमा क्रमशः ६ र ४ रातको विश्राम गरिन्छ।

मिथिला माध्यमिकी परिक्रमा यात्राको ऐतिहासिक र सांस्कृतिक महत्वका कारण यस परिक्रमाले स्थानीय जनसमुदायलाई मात्र नभई अन्य सन्देशप्रेमीहरूलाई पनि आकर्षित गरिरहेको छ ।

# मधेश शहीद प्रतिष्ठानका सदस्य यादवको निधन



टुडे समाचारदाता

जनकपुरधाम । मधेश शहीद प्रतिष्ठानका सदस्य रामनरेश यादव आफ्नै आवासमा मृत अवस्थामा फेला परेका छन् ।

जनकपुरधामस्थित जचुकालि परिसरमा रहेको मधेश भवनमा मंगलबार सदस्य यादव आफ्नै ओछ्यानमा मृत अवस्थामा भेटिएका थिए ।

प्रहरीको प्रारम्भिक अनुसन्धानमा शवमा वान्ता गरेको संकेत भेटिएको पनि मृत्युको स्पष्ट कारण खुल्न सकेको नसकेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी वरुणबहादुर सिंहले जनाए अनुसार घटनास्थलमा पुगेका प्रहरीले यादवको शवको अवस्थाबारे अनुसन्धान थालेका छन् ।

उनले भने, ‘शवको प्रारम्भिक परीक्षणबाट बान्ता गरेको देखिएको छ । तर, मृत्युको कारण बारे पक्कै भन्न सकिन्न । हामी थप अनुसन्धान गरिरहेका छौं ।’

शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको छ । प्रहरीले मृत्युको कारणको बारेमा पोस्टमार्टम रिपोर्ट प्राप्त भएपछि स्पष्ट रुपमा भन्नसक्ने जनाएको छ ।

# बैठा माथि २२ वर्ष अघि नै हत्या मुद्दा दर्ता भएको प्रहरीको खुलासा

सञ्जय मिश्र

रौतहट । आमजनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहसहित कार्यकर्ताले जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी दीपक कुमार रायले निर्दोष वृद्ध गंगाराम बैठामाथि झुठा मुद्दामा फसाएको भन्दै सामाजिक सञ्जाल फेसबुकमार्फत लगाएको आरोपको खण्डन गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटले एक प्रेस विज्ञप्ति जारी गर्दै केही व्यक्तिले निर्दोषलाई फसाएको भनेर तथ्यहीन भ्रामक रुपमा फेसबुकमा झुठा स्टाटस लेखेर डिएसपी राय र जिल्ला प्रहरी कार्यालयलाई बदनाम गर्न खोजेको प्रति गम्भीर ध्यनाकर्षण जनाएको छ।

गत पुस ८ गते विहान साढे ९ बजे बौधिमाई नगरपालिका- ८ स्थित सरमुजावा गाउँ स्थित दुर्गा मन्दिरदेखि नाला निर्माणको लागि मेयर प्रदीप यादव, जनप्रतिनिधि, कर्मचारीसमेतको उपस्थितिमा अतिक्रमण गरी बनाइएका घरहरू जेसिबी प्रयोग गरी हटाउने काम शुरु भएको थियो ।

सोही क्रममा वडा ८ स्थित सरमुजवाका गंगाराम बैठा सहित सुनियोजित रुपमा ढुंगा मुढा गरी जेसिवी तोडफोड गरेको विज्ञप्तिमा



भनिएको छ ।

घटनालगत्तै गएको प्रहरी टोलीले आरोपी गंगाराम बैठालाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय रौतहटमा आपराधिक उपद्रव मुद्दा दर्ता गरेको थियो ।

उक्त मुद्दामा जिल्ला अदालत बाट म्याद थमाएर अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा पेस गर्दा बैठा माथि २०५९ साल भदौ २९ गते दर्ता नम्बर २३ को कर्तब्य ज्यान मुद्दा दर्ता भएको थियो ।

सो विज्ञप्तिमा भनिएको छ, ‘प्रतिवादी गंगाराम बैठाको हकमा मुद्दा मुलतबिमा रहेकाले उक्त मुद्दामा समेत गत माघ ६ गते जिल्ला अदालत रौतहटमा पेसगरी भएको थुनछेक बहसमा बैठा लाई कारागार चालान गर्ने आदेश भएको थियो। हाल उनी कारागारमा रहेका छन् ।’

बैठाको मुद्दामा डिएसपी राय तथा जिल्ला प्रहरी कार्यालय को गलत नियत नरहेकाले डिएसपी राय र प्रहरी लाई बदनाम गराउन केही व्यक्तिको नियत देखिएकाले गलत फेसबुक स्टेट्स प्रती बिश्वास नगर्न प्रहरीले विज्ञप्ती मार्फत आम नागरिकमा आग्रह गरेको छ ।

तर प्रहरीको बिज्ञप्ति पश्चात प्रभु साह नेतृत्वको आमजनता पार्टीका पूर्वअध्यक्ष त्रिभुवन साहले फेसबुक स्टाटस मार्फत बौधिमाईको जेसिवी तोडफोड घटनामा बैठाको कुनै संलग्नता नरहेको प्रहरीले नियतबस उनलाई झुठा मुद्दामा फासाएकाले सत्य तथ्य छानविनको माग गरेको छ ।

# बेगमको हत्या गरी फरार रहेका दुलारे पक्राउ

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको मलंगवा नगरपालिका- ३ का खुश्बुदा बेगमको हत्या गरेको आरोपमा एकजनालाई प्रहरीले १० वर्षपछि पक्राउ गरेको छ ।

बेगमको हत्या २०७१ साल माघ १३ गतेका दिन घरमा धारिलो हत्यार प्रहार गर्दै घाटी रेटी विभत्स हत्या गरिएको थियो । स्थानीय दुलारे भनिने मो. कौसर हुसैनले श्रमितीलाई हत्या गरेको भन्दै मृतक बेगमका श्रीमान नुरहसन मिकरानीले किटानी जाहिरी दिएपछि आरोपित दुलारे १० वर्ष देखि लुकीछिपी भारतमा बस्दै आएका थिए ।

कर्तव्य ज्यानको आरोपित हुसैनको नाममा गृह मन्त्रालयबाट रेड नोटिस जारी भएपछि भारतीय प्रहरीले पनि निजको खोज तलास गर्न थालेपछि गएको फागुन ०५ गते आरोपित हुसैनले जिल्ला प्रहरी कार्यालय सर्लाहीमा आत्मासमर्पण गरेको प्रहरी नायब उपरिक्षक सरोज राईले जानकारी दिए ।

आरोपित हुसैन पक्राउ परेपछि सर्लाही जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको उनले बताए ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१–५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८